का.जि.प्र.का.द.नं. १००/०५२/६०
१६ भदौ २०८३
मंगलबार
1 September 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२२। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

भोटेकोशी बाढी

करिब २५ हजार विस्थापित

विनाशकारी बाढीमा परेर ज्यान गुमाएका सत्यानका २१ वर्षीय आयुष खड्काको सोमबार देवघाटमा अन्त्येष्टि गरिँदै। लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरेपछि गत वैशाखमा रसुवाको टिमुरेस्थित क्वारेन्टाइन कार्यालयमा उनको पहिलो पोस्टिङ भएको थियो। तस्बिर : निशा श्रेष्ठ

उद्धार गरिएकालाई विभिन्न गुम्बामा राखिएको छ। आफूनै सातजना जनप्रतिनिधि र २१ जना कर्मचारी हराएका छन्। क्षतिको वास्तविक तथ्यांक अझै निकाल्न सकिएको छैन।

कैसाङ नुर्पु तामाङ
अध्यक्ष, गोसाइँकुण्ड गाउँपालिका

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १५ भदौ

चीनको तिब्बततर्फबाट ल्हेन्दे खोलामा आएको विनाशकारी बाढी भोटेकोशीमा मिसिँदा रसुवा, नुवाकोट र धादिङस्थित नदीतटीय क्षेत्रमा ठुलो जनधनको क्षति भयो। तीन जिल्लाका १२ स्थानीय तह विपद् संकटग्रस्त बने। सरकारले रसुवा, नुवाकोट र धादिङ तीन जिल्लालाई विपद् संकटग्रस्त घोषणा गरेको छ भने गोरखा, चितवन र नवलपरासीलाई प्रत्यक्ष प्रभावित जिल्लाका रूपमा लिएको छ।

यीबाहेक २७ जिल्ला र विभिन्न मुलुकका मानिस बाढीमा परेका छन्। ती जिल्ला र मुलुकलाई समेत अप्रत्यक्ष प्रभावित क्षेत्रका रूपमा लिइएको छ। विनाशकारी बाढीले प्रत्यक्ष प्रभावित ६ जिल्लामा कति घरपरिवार बगायो भन्ने सरकारसँग यकिन तथ्यांक अझै संकलन भएको छैन। सरकारसँग नै तथ्यांक नहुँदा वास्तविक पीडित राहतबाट समेत वञ्चित हुने अवस्था छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार अहिलेसम्म तीन हजार ९२५ जना सम्पर्कविहीन छन्। यद्यपि यो तथ्यांक पूर्ण छैन। स्थानीय सरकारसँग आफ्नो पालिकाको घरधुरी संख्या र पारिवारिक तथ्यांक हुन्छ। तथ्यांक संकलनमा किन ढिलाइ भयो भनेर तीनै तहका सरकारलाई आममानिसले प्रश्न गर्न थालेका छन्।

स्थानीय सरकारहरूले भने संघीय सरकारले आफूहरूसँग सरोकार नै नराखेको गुनासो गरेका छन्। संघीय सरकारले स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा विपद्पछिको खोज, उद्धार र राहतको काम गर्नुपर्नेमा त्यसो नभएको स्थानीयहरूको टिप्पणी छ। संघीय सरकार हेलिकोप्टरमा आकाशमा आउने >>> पृष्ठ २ मा

गुप्तचर को मातहत ?

सरकार र राष्ट्रिय सभा आमनेसामने

राष्ट्रिय सभामा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको उपस्थिति छैन। यस्तोमा एकातिर प्रधानमन्त्री मातहत गुप्तचर राख्ने सरकारको प्रस्ताव छ। अर्कोतिर राष्ट्रिय सभामा रहेका प्रमुख दलहरूले गृहमन्त्री मातहत राख्ने प्रस्ताव राखेका हुन्।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १५ भदौ

राष्ट्रिय अनुसन्धान विभाग (राअवि)लाई कसको मातहत राख्ने भन्ने विषयमा सरकार र राष्ट्रिय सभा आमनेसामने देखिएका भएका छन्।

प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले सरकारले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत राख्ने कानुनी व्यवस्था गर्ने गरी 'नेपाल विशेष सेवा ऐन २०४२को सातौं संशोधन विधेयक' ल्याएका छन्।

यसमा संशोधन राख्दै नेपाली कांग्रेसका सांसदहरू विष्णुकुमारी सापकोटा, पदमबहादुर परियारले प्रधानमन्त्रीमातहत गुप्तचर राख्नेसम्बन्धी विधेयकको प्रस्तावित दफा नै झिक्ने प्रस्ताव गरेका छन्।

नेपाली कम्युनिस्ट पार्टीका सांसदहरू मदनकुमारी शाह (गरिमा), जयन्ती देवी राई, नरबहादुर विष्ट र सुरेश आलेमगरले साबिकको व्यवस्था जगाउनुपर्ने आवश्यकता र औचित्यबारे स्पष्ट बनाउनुपर्ने बताए। अर्थात्, गुप्तचर प्रधानमन्त्रीमातहत

राख्नैपर्ने विषय किन परेको हो भनेर खुलाउनुपर्ने बताएका छन्। अन्यथा, गृह मन्त्रालयमातहत नै रहनु उपयुक्त हुने उनीहरूको राय छ।

नेपाली कम्युनिस्ट पार्टीकै सांसदहरू भुवनबहादुर सुनार, मनरूपा शर्मा, सावित्री मल्ल, विष्णुबहादुर विश्वकर्मा, रेणु चन्द, श्रीकृष्णप्रसाद अधिकारी, घनश्याक रिजालले पनि गुप्तचर प्रधानमन्त्री कार्यालयमातहत नभएर गृह मन्त्रालयमातहत रहने व्यवस्थाका लागि संशोधन राखेका छन्।

५९ सदस्यीय राष्ट्रिय सभामा हाल ५७ जना रहेका छन्। कांग्रेसका २४ र नेकपाका १७ गरी दुई दलको सांसद संख्या ४१ पुग्छ।

राष्ट्रिय सभामा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको उपस्थिति छैन। यस्तोमा एकातिर प्रधानमन्त्रीमातहत गुप्तचर राख्ने सरकारको प्रस्ताव छ। अर्कोतिर राष्ट्रिय सभामा रहेका प्रमुख दलहरूले गृहमन्त्रीमातहत राख्ने प्रस्ताव राखेका >>> पृष्ठ २ मा

मोबाइल टावरमा रेकर्ड हुने अन्तिम सिग्नलले बेपत्ता व्यक्ति बाढी आउँदा नदीकिनारमा थिए वा पहाडतर्फ भाग्दै थिए भन्ने कुरा पत्ता लगाउन सहज भएको छ।

मीनप्रसाद अर्याल
निर्देशक, नेपाल दूरसञ्चार प्राधिकरण

बेपत्ता भएका व्यक्तिको यकिन संख्या निर्धारण गर्न अझै कठिन छ। उद्धार तथा खोजी कार्य जारी रहेकाले संख्या घटबढ हुन सक्छ।

शान्ति महत
प्रवक्ता, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

बेपत्ता भएका व्यक्तिका सिमकोअन्तिम लोकेसन हेरेर पत्ता लगाउने विषय खोज तथा अनुसन्धानका लागि एउटा माध्यम हो, तर पूरै भरपर्दो होइन।

अविनारायण काफ्ले
प्रवक्ता, नेपाल प्रहरी

बेपत्ताको खोजी

मोबाइलको 'लोकेसन' अन्तिम आस

सपना बोहरा/मध्यान्ह
काठमाडौं, १५ भदौ

रसुवाका रोहित तामाङ सोमबार टिचिङ अस्पतालमा अत्तालिँदै आइपुगे। भोटेकोशी बाढी प्रभावितका लागि बनाइएको हेल्प डेस्कमा बसेका प्रहरीलाई आफ्नो मोबाइल देखाउँदै भने, 'रोहित तामाङको अन्तिम लोकेसन टिमुरेको आसपास देखाउँछ, हेरिदिनुपऱ्यो।'

दाइ जीवितै छन् कि भन्ने झिनो आशा बोकेर आएका तामाङले प्रहरीसँग आग्रह गरे, 'लोकेसन टिमुरेआसपासको जंगलमा छ। कतै घाइते अवस्थामा छटपटाइरहेको पो हो कि ? प्लिज, छिटो लोकेसन ट्र्याक गरिदिनुपऱ्यो।' तामाङले यसअघि नै आफ्ना दाइ >>> पृष्ठ २ मा

मेस्सीको सन्न्यास

अर्जेन्टिनाका कप्तान एवं महान् फुटबलर लियोनल मेस्सीले अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास लिएका छन्। सामाजिक सञ्जालमार्फत भावुक सन्देश सार्वजनिक गर्दै उनले यो निर्णय निकै पीडादायी भए पनि अब समय आएको महसुस भएको बताएका छन्। मेस्सीको सन्न्यासँगै अन्तर्राष्ट्रिय फुटबलको एक स्वर्णिम युगको अन्त्य भएको विश्लेषण गरिएको छ।

>>> समाचार पृष्ठ ७ मा

सुरक्षा जोखिमले इजिपी स्थगित

अब टेन्डरको सूचना पत्रिकामै

विद्युतीय खरिद प्रणालीमा समस्या देखियो। तत्काल प्रणाली मर्मत तथा सुधारका लागि इजिपी स्थगित गरिएको हो। इजिपी नभएको बेलासम्म नयाँ बोलपत्र आह्वान गर्नुपरे राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गर्नुपर्छ।

रामप्रसाद आचार्य
सहसचिव तथा प्रवक्ता
सार्वजनिक खरिद अनुगमन कार्यालय

मध्यान्ह संवाददाता
काठमाडौं, १५ भदौ

विद्युतीय खरिद प्रणाली (इजिपी)मा सुरक्षा जोखिम देखिएपछि सरकारले यसको प्रयोग अनिश्चितकालका लागि स्थगित गरेको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रणालीको मर्मत तथा सुधारका लागिभन्दै इजिपी बन्द गरेको हो।

कार्यालयले ११ भदौको निर्णयअनुसार अर्को व्यवस्था नभएसम्म इजिपीमार्फत हुने सम्पूर्ण खरिद प्रक्रिया रोकिएको जनाएको छ। प्रणालीमा समस्या आएपछि प्रक्रियामा रहेका बोलपत्रको कामसमेत अब हार्डकपीमार्फत अघि बढाउनुपर्ने भएको छ।

११ भदौसम्म प्रकाशित भई प्रस्ताव पेस गर्ने म्याद बाँकी रहेका तथा नयाँ प्रकाशनको क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया सार्वजनिक निकायले भौतिक कागजपत्रमार्फत अघि बढाउन सक्नेछन्। खुल्न बाँकी रहेका तथा मूल्यांकनको >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

संघद्वारा संकलित डेढ करोड प्रधानमन्त्री राहत कोषमा हस्तान्तरण

मध्यान्ह संवाददाता
काठमाडौं, १५ भदौ

रसुवाको भोटेकोशीमा आएको भयानक बाढीबाट पीडित भएकाहरूको सहयोगका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले १ करोड ५० लाख रुपैयाँ प्रदान गरेको छ।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'को नेतृत्वमा कार्यसमितिका पदाधिकारी, सदस्यहरू र संघका सल्लाहकार हरूको उपस्थितिमा युवा, श्रम तथा रोजगार मन्त्रालयमार्फत अर्थमन्त्री स्वर्णिम वाग्लेलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी उक्त रकम हस्तान्तरण गरिएको हो।

संघले विपत्ति, प्राकृतिक प्रकोप तथा महामारीको अवस्थामा संस्थाको सामाजिक उत्तरदायित्वअन्तर्गत योगदान गर्दै आएको संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिए।

संघका महासचिव डाँगीले राष्ट्रसामु निम्तिएको अकल्पनीय

पीडामा परेका दाजुभाइ, दिदीबहिनी तथा मृतकका आश्रित परिवारलाई सहयोग पुगोस् भनेर संघसहित नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चलगायतका संघसंस्थामा आबद्ध व्यवसायीले उल्लेख्य मात्रामा संघको खातामा रकम जम्मा >>> पृष्ठ २ मा

अन्तर्राष्ट्रिय दातृनिकाय तथा संस्थाहरूको चासो !

काठमाडौं/मस– अन्तर्राष्ट्रिय दातृ निकाय तथा संस्थाहरूले नेपालमा आएको हालैको भीषण बाढीपछि विपद् प्रभावित क्षेत्रका श्रमिक, युवा तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनर्स्थापनाबारे चासो देखाएका छन्। युवा, श्रम तथा रोजगार मन्त्रालयमा सोमबार भएको छलफलमा उनीहरूले प्रभावित समुदायलाई तत्काल रोजगारीका अवसरसँग जोड्दै द्रुत रोजगार सहायता कार्यक्रम सञ्चालन गर्न जोड दिएका छन्।

श्रममन्त्री रामजी यादवको अध्यक्षतामा भएको बैठकमा अन्तर्राष्ट्रिय श्रम संगठन, विश्व बैंक, एसियाली विकास बैंक र अन्तर्राष्ट्रिय आप्रवासन संगठनका प्रतिनिधि >>> पृष्ठ २ मा

WE ARE HIRING
397/060/061

MANAGER -(1 M/F)
Qualification :- Minimum Bachelor Degree

ACCOUNTANT -(1 M/F)
Qualification :- Minimum Bachelor Degree

DOCUMENTATION OFFICER -(2 M/F)
Qualification :- Minimum +2

OFFICE SECRETARY -(1 M/F)
Qualification :- Minimum Bachelor Degree
Good English Communication

RECEPTIONIST -(2 M/F)
Qualification :- Minimum +2
Good Communication Skill

PRO -(2 M/F)
Qualification :- Minimum +2
Good Communication Skill

Salary :- 20,000

SALARY NEGOTIABLE

Send cv at : futurestarmp397@gmail.com, manishakshatry39@gmail.com
The job interview will be held on the 22 Bhadra 2083.
FUTURE STAR MANPOWER PVT. LTD.
town planning samakhusi, Kathmandu
Contact : 01-4960576, 4950719, 4960476, 9810101810, 9700351332

4 Star Hotel का लागि भवन आवश्यक
काठमाडौं र ललितपुर क्षेत्रको उपयुक्त स्थानमा ४ स्टार होटल सञ्चालन गर्न मिल्ने होटल भवन भाडा वा लिजमा आवश्यक परेको हुँदा इच्छुक भवनधनी तथा सम्बन्धित पक्षबाट सम्पर्कका लागि अनुरोध गरिन्छ।
सम्पर्क नं. : ९८०३०४२७६३

विकसित देशहरूसँग जलवायु क्षतिपूर्ति माग्नुपर्छ : ओली

काठमाडौं/मस–नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जलवायु परिवर्तनका कारण हुने विपद्बाट नेपालजस्ता विकासशील तथा जोखिममा रहेका मुलुकले भोग्नुपरेको क्षतिको पूर्ति विकसित मुलुकले गर्नुपर्ने बताएका छन् ।

सोमबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा एमाले राजधानी प्रदेश कमिटीले बाढीपीडितका लागि हस्तान्तरण गरेको १० लाख रुपैयाँको चेक ग्रहण गर्दै उनले यस्तो बताएका हुन् । उनले जलवायुजन्य विपद् तथा पर्वतीय विपद्का लागि नेपालजस्ता मुलुक जिम्मेवार नरहेको बताए ।

उनले रसुवा बाढीजस्तै मानवीय कारणबाट भएका पर्वतीय तथा अन्य विपदमा नेपालको कुनै योगदान नरहेको दाबी गर्दै वातावरण विनाशमा बढी योगदान गर्ने विकसित देशले त्यसको क्षति

व्यहोर्नुपर्ने बताए ।

उनले आफूले संयुक्त राष्ट्रसंघमा समेत जलवायुजन्य क्षतिका विषयमा आवाज उठाएको उल्लेख गर्दै यस विषयमा अन्तर्राष्ट्रिय समुदायको ध्यान जान नसकेको बताए । उनले रसुवा बाढीपछि अन्तर्राष्ट्रिय समुदायबाट नेपालले प्राप्त गरिरहेको सहयोगप्रति धन्यवाद दिँदै जलवायु क्षतिपूर्तिको विषयलाई समेत प्राथमिकताका साथ उठाउनुपर्ने बताए । उनले कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने तर कार्बन उत्सर्जनमा न्यून योगदान भएका देशले जलवायु क्षतिको भार व्यहोर्नुपरेको भन्दै कार्बन ट्रेडको अवधारणालाई न्यायको अंगका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिए। १ करोड २० लाख सहयोगको घोषणा

ओलीले रसुवा बाढी, पहिरो र डुबान पीडितको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि पार्टीका तर्फबाट १ करोड २० लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेका छन् । सो अवसरमा एमालेको बागमती प्रदेश कमिटी र राजधानी विशेष प्रदेश कमिटीका तर्फबाट १०-१० लाख गरी जम्मा २० लाख रुपैयाँको चेक अध्यक्ष ओलीलाई हस्तान्तरण गरिएको थियो ।

उक्त सहयोग ग्रहण गर्दै अध्यक्ष ओलीले पार्टीले केन्द्रिय तहबाटै विपद् व्यवस्थापनका लागि कोष परिचालन गर्ने र त्यसमा कम्तीमा १ करोड २० लाख रुपैयाँ संकलन गरिने बताए । राहत वितरणको मोडालिटीबारे चर्चा गर्दै अध्यक्ष ओलीले सरकारी कोषमा रकम जम्मा गरेर मात्र प्रक्रियागत ढिलाइ हुनुभन्दा पीडितले प्रत्यक्ष र छिटो राहत पाउने व्यवस्था हुनुपर्नेमा जोड दिए ।

गोली प्रहारपछि हेरोइनसहित दुई भारतीय नागरिक पक्राउ

बिनोद निगम/मध्यान्ह
नवलपरासी, १५ भदौ

भारतबाट लागुऔषध हेरोइन खरिद गरी लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा बिक्री गर्ने गरेको आरोपमा दुई भारतीय नागरिक पश्चिम नवलपरासीबाट पक्राउ परेका छन् । उनीहरूको साथबाट प्रहरीले १५८ ग्राम हेरोइनसहित लागूऔषध कारोबारमा प्रयोग भएको मोटरसाइकल र मोबाइल फोन बरामद गरेको जनाएको छ।

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय भैरहवाबाट खटिएको प्रहरी टोलीले रामग्राम नगरपालिका-१मा भारतीय नम्बरको मोटरसाइकलमा सवार दुईजनालाई शंकास्पद अवस्थामा फेला पारेपछि रोक्न खोजेको थियो । प्रहरीका अनुसार प्रहरी टोलीलाई देखेपछि उनीहरूले मोटरसाइकलसहित भाग्न खोजेका थिए ।

भाग्न खोजेपछि प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिन गोली प्रहार गरेको जनाएको छ। त्यसपछि प्रहरीले दुवैजनालाई नियन्त्रणमा लिएर उनीहरूको साथ तथा मोटरसाइकल खानतलासी गरेको थियो । पक्राउ पर्नेमा भारत उत्तर प्रदेशको महाराजगन्ज जिल्लास्थित सेखौलीका ३३ वर्षीय गिरिजेश श्रीवास्तव र निचलौलका २७ वर्षीय दिपक श्रीवास्तव रहेका छन् ।

प्रहरीका अनुसार उनीहरूको साथबाट १५८ ग्राम हेरोइन, दुई थान मोबाइल फोन र भारतीय नम्बर युपी ५६ एएच ६१८९ को मोटरसाइकल बरामद भएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा पक्राउ परेका दुवैजनाले भारतबाट हेरोइन ल्याएर लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा बिक्री गर्ने गरेको खुलेको प्रहरीको दाबी छ । उनीहरूको संलग्नता, लागुऔषधको स्रोत तथा कारोबारको थप सञ्जालबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

पक्राउ परेका दुवैजनालाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय नवलपरासीमा बुझाइएको लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय भैरहवाले जनाएको छ ।

लागुऔषध नियन्त्रण ब्युरोले सीमावर्ती क्षेत्रबाट हुने लागुऔषध ओसारपसार तथा कारोबार नियन्त्रणका लागि निगरानी र कारबाहीलाई तीव्र बनाउँदै आएको जनाएको छ ।

भोटेकोशी...
र जमिनको पीडा नबुझ्ने अवस्था रहेको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालको गुनासो छ ।

सोमबार साँझसम्म ११ हजार ३७९ जनालाई हवाई र स्थलमार्गबाट उद्धार गरिएको दाबी सरकारले गरेको छ । हवाई उद्धारका लागि ४११ पटक हेलिकोप्टरमार्फत उडान भरिएको सरकारको दाबी छ । विपद्बाट उद्धार गरेर विभिन्न अस्पतालमा भर्ना गरिएका २७९ जना उपचाररत छन् भने १६८को डिस्चार्ज भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। पछिल्लो तथ्यांकअनुसार हालसम्म ९३९ शव फेला परेको छ । तिनको आवश्यक व्यवस्थापनको कार्य भइरहेको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ ।

गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङ नुर्पु तामाङले क्षतिको अझै यकिन गर्न सक्ने अवस्था नरहेको बताए । पालिकाले आफ्ना नागरिकलाई परेको विपत्तिमा सक्दो प्रयास गरिरहेको भए पनि स्रोतसाधनको अभाव र क्षतिको विशाल आकारले गर्दा केन्द्र सरकारको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको उनको भनाइ छ । 'बाढीबाट विस्थापित भएका धेरैजनालाई उद्धार गरी विभिन्न गुम्बामा राखिएको छ,' उनले भने, 'तर क्षतिको वास्तविक तथ्यांक अझै निकाल्न सकिएको छैन । आफ्नै सातजना जनप्रतिनिधि र २१ जना कर्मचारी हराएको अवस्था छ। बाँकी जनताको तथ्यांक यकिन गर्न सकिएकै छैन ।' उद्धार भएका नागरिकलाई तत्कालको खानपान र वासस्थानको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको उनले बताए ।

नेपाल-चीन सिमानामा पर्ने चीनतर्फको भन्सार कार्यालय र त्यसभन्दा माथिल्लो केरुङ बजार क्षेत्रमा गएका नेपाली नागरिक कति बेपत्ता भए भन्ने तथ्यांक चीनले सार्वजनिक गरेको छ । चिनियाँ सञ्चारमाध्यमका अनुसार चीनतर्फ ९८ जना नेपाली बेपत्ता भएको बताइएको छ । रसुवामा सञ्चालित हाइड्रोपावरमा कार्यरत विदेशी नागरिक र घुम्न गएका धेरै विदेशी पर्यटक सम्पर्कविहीन छन् । नेपाल सरकारले सम्पर्कविहीनको यकिन तथ्यांक आधिकारिक रूपमा सार्वजनिक गर्न सकेको छैन । यद्यपि नेपाल प्रहरीले प्रभावितको संख्या असाध्यै धेरै रहेको बताएको छ। बाढीले टिमुरेदेखि देवीघाटसम्म प्रत्यक्ष प्रभावित पारेको प्रहरीले जनाएको छ ।

यस क्षेत्रको वास्तविक तथ्यांकहरू संकलन कार्य भइरहेको नेपाल प्रहरीका प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए । 'हामी प्रभावितको तथ्यांक संकलन गरिरहेका छौं,' काफ्लेले मध्यान्हसँग भने, 'हालसम्मको तथ्यांक हेर्दा २५ हजारभन्दा बढी प्रत्यक्ष प्रभावित भएको देखिन्छ । तर, यति मात्रै होइन, प्रत्यक्ष अप्रत्यक्ष प्रभावितको संख्या लाखौं पुग्न सक्छ ।' बाढी प्रभावितको अवस्थालाई कसरी हेर्ने भन्नेमै सरकारी संयन्त्रहरू अन्योलमा छन् । ३३ जिल्लाका नागरिक बाढी क्षेत्रमा भएकाले उनीहरूको स्थायी बसोबास रहेको गाउँ टोललाई समेत प्रभावित क्षेत्र मान्ने कि नमान्ने भन्नेमा सरकारका निकाय नै अन्योलमा छन् । मेचीदेखी महाकालीसम्मका नागरिक त्यहाँ थिए, ती सबै जिल्ला र विभिन्न देशका व्यक्ति बाढीमा हराइरहेकाले सम्बन्धित देशसमेत प्रभावित सूचीमा पर्ने प्रहरी प्रवक्ता काफ्लेको भनाइ छ। 'अहिलेसम्मको स्थितिमा प्रत्यक्ष प्रभावित २५ हजारभन्दा बढी देखिए पनि लाखौं मानिस अप्रत्यक्ष प्रभावित छन्,' उनले भने । पीडितको यकिन सूचना संकलन नहुँदा राहत व्यवस्थापनसमेत प्रभावित हुने संशय उत्पन्न भएको छ । यो महाविपत्तिमा संघीय सरकारको सूचना, उद्धार र व्यवस्थापन पक्ष कमजोर देखिएको विज्ञहरूले टिप्पणी गरेका छन् ।

कहाँबाट कति हराए ?

रसुवामा निर्माणाधीन २१६ मेगावाटको अपर त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत नौजना कोरियनसहित ३३२ जना ६ दिनदेखि सम्पर्कविहीन भएको प्रवर्द्धक कम्पनी नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले दाबी गरेको छ। कम्पनीका अनुसार सुरुङमा तीन सयजना फसेका छन् । त्यहाँबाट सम्पर्कविहीन भएकाहरूको अवस्था सरकारले अहिलेसम्म सार्वजनिक गर्न सकेको छैन । रसुवाको गोसाइँकुण्ड गाउँपालिकास्थित रसुवागढी नाका, टिमुरेस्थित भन्सार कार्यालय र स्याफ्रुबेसी क्षेत्रमा बाढीले सबैभन्दा धेरै क्षति गरेको छ । त्यहाँ घर भएका, सरकारी निकायका कर्मचारी र व्यापारिक प्रयोजनको लागि सामान लिन त्यहाँ पुगेका धेरै मानिस सम्पर्कविहीन छन् । मोबाइलको रिङटोनमार्फत सरकारले सम्पर्कविहीन भएकाहरूको सूचना भएमा जानकारी दिन आग्रह गरिरहेको छ । यकिन तथ्यांक प्रणाली नहुँदा काठमाडौं र नुवाकोट हुँदै रसुवातर्फ कुन समयमा कति मानिस गएका थिए भन्ने विवरण सार्वजनिक गर्न सम्भव नभएको गृह मन्त्रालयले जनाएको छ ।

रसुवाको इलाका प्रहरी कार्यालय टिमुरे, प्रहरी चौकी स्याफ्रुबेसी र प्रहरी चौकी रसुवागढीमा कार्यरत २५ जना प्रहरी कर्मचारी सम्पर्कविहीन छन्। नेपाली सेनाका ४५ जना, सशस्त्र प्रहरीका १३ जना सुरक्षाकर्मी र रसुवागढी भन्सार कार्यालयका १५ जना कर्मचारी सम्पर्कविहीन छन् । रसुवागढी अध्यागमन कार्यालयमा कार्यरत तीनजना कर्मचारी सम्पर्कमा आएका छैनन्। रसुवा र नुवाकोटमा सञ्चालनमा आएका र निर्माणाधीन ११ वटा आयोजनामा कार्यरत ८९८ जना सम्पर्कविहीन रहेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान)को तथ्यांकमा उल्लेख छ । यद्यपि यसको आधिकारिकता सरकारले पुष्टि गर्न सकेको छैन। आफन्त र अन्य स्रोतबाट पुष्टि गरेर तथ्यांक यकिन गरिएको प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्लेले बताए । आपत्कालीन अवस्था विभिन्न कच्चा सूचनालाई भेरिफाई गरेर बेपत्ताको विवरण यकिन गर्ने गरिएको काफ्लेको भनाइ छ । राष्ट्रिय जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणले भने रसुवाका ८६५ जना, नुवाकोट नदी तट क्षेत्रका १५ सय ५८ जना, जलविद्युत् आयोजनाबाट ९३३ जना, मकवानपुर घर भएर रसुवा गएका ६५ जना र विदेशी पर्यटकसँगै घुम्न गएका १२७ जना नेपाली नागरिक बेपत्ता भएको जनाएको छ ।

लाङटाङ राष्ट्रिय निकुञ्जका तीनजना र रसुवास्थित क्वारेन्टाइन कार्यालयका तीनजना बेपत्ता छन् । रसुवामा बाढीमा अझै मानिस सम्पर्कविहीन भएको आशंका गरिएको छ। तर, कर्मचारी र सुरक्षाकर्मीले संकलन गरेको बाहेक सम्पर्कविहीनको यकिन तथ्यांक सरकारले सार्वजनिक गरेको छैन् ।

गुप्तचर...
छन् । प्रधानमन्त्रीमातहत गुप्तचर राख्ने गरी नेपाल विशेष सेवा ऐन २०४२को साबिकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक २०८३ प्रतिनिधिसभाबाट पारित भइसकेको छ । यो विधेयक २०८३ असार १५ गते प्रतिनिधिसभामा दर्ता भएको थियो । साउन २५ गते प्रतिनिधिसभाबाट पारित भएर राष्ट्रिय सभामा गएको हो ।

राष्ट्रिय सभामा विचाराधीन विधेयकको दफा ४(१)मा 'सेवासम्बन्धी कार्य सञ्चालन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुनेछ' भन्ने व्यवस्था छ । यही व्यवस्थामाथि राष्ट्रिय सभामा रहेका प्रमुख दलहरूले संशोधन प्रस्ताव राखेका हुन् ।

यस्तोमा सरकारका लागि विधेयक पारित गराउन चुनौती छ। प्रतिनिधिसभामा भने सरकारले आफ्नो प्रस्तावअनुसारकै विधेयक पारित गराउन सकेको थियो । किनभने प्रतिनिधिसभामा रास्वपा दुई सिट कम दुईतिहाइ बहुमतमा छ । राष्ट्रिय सभामा सत्तारुढ दल रास्वपाको उपस्थिति नै नभएका कारण सरकार र राष्ट्रिय सभा आमनेसामने भएका हुन् ।

कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रिय सभामा विधेयकमाथिको छलफलका क्रममा गुप्तचरको काम सामान्य प्रहरी वा प्रशासनिक कामभन्दा विशिष्टीकृत रहेको बताएकी थिइन् । उनका अनुसार गुप्तचरी भनेको सूचना संकलन, त्यसको विश्लेषण र आगामी रणनीति निर्माणका लागि सरकार प्रमुखलाई मार्गनिर्देशन गर्ने संयन्त्र हो। गृह मन्त्रालयमातहत राख्नुपर्छ भन्ने पक्षका सांसदहरू राष्ट्रिय अनुसन्धान विभाग आन्तरिक सुरक्षा संयन्त्रसँग प्रत्यक्ष जोडिएकाले गृह मन्त्रालयसँग यसको समन्वय प्रभावकारी हुने बताउँछन् । गृह मन्त्रालयले नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग सुरक्षा समन्वय गर्छ । राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त सूचना पनि सुरक्षा व्यवस्थापनमा प्रयोग हुने भएकाले विभागलाई गृहअन्तर्गत राख्नु उपयुक्त हुने उनीहरूको तर्क छ ।

यस्तै तर्कमा राष्ट्रिय अनुसन्धान विभागलाई कहिले गृह मन्त्रालय त कहिले प्रधानमन्त्री कार्यालयअन्तर्गत सार्ने गरिएको पाइन्छ ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल विशेष सेवा ऐन २०४२को दफा ४को उपदफा (१)मा केही नेपाल ऐन संशोधन गर्ने ऐन (२)७५ मार्फत संशोधन गरेर राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राखेका थिए । त्यसअगाडि राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालयअन्तर्गत नै रहँदै आएको थियो ।

पछि तत्कालीन प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयमै फर्कायो।

यसलाई फेरि प्रधानमन्त्री बालेन्द्र शाह बालेनले कार्य विभाजन नियमावली २०८३ मार्फत राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयबाट प्रधानमन्त्री कार्यालयमातहत ल्याए । यसलाई कानुनमै समेट्नेगरी प्रधानमन्त्री बालेनले विधेयक ल्याएका छन् । जसलाई लिएर राष्ट्रिय सभामा रहेका प्रमुख दल र सरकार आमनेसामने भएका हुन् ।

राष्ट्रिय सभाले निर्णय गरेपछि विधेयक फेरि प्रतिनिधिसभामा जान्छ । प्रतिनिधिसभाले चाहेको खण्डमा राष्ट्रिय सभाको निर्णय उल्ट्याउन संयुक्त सदन बोलाउने अवस्था बनाउन सक्छ । यस्तोमा प्रतिनिधिसभामा २७५ र राष्ट्रिय सभामा ५९ गरेर ३३४ जना सांसदको संयुक्त बैठक बस्नेछ ।

संयुक्त बैठकको निर्णय नै अन्तिम निर्णय हुनेछ। यस्तोमा फेरि प्रतिनिधिसभामा १८२ सांसद रहेको रास्वपाकै निर्णय लागू हुनेछ ।

मोबाइलको...
बाढीमा बेपत्ता भएकोबारे प्रहरीलाई जानकारी गराएका थिए । लगातार ६ दिनसम्म उनी बेपत्ता भएको स्थान आसपास खोजी पनि गरे । अस्पतालमा पहिचान हुन नसकेका शवहरूमा समेत दाइलाई खोजे । तर, कतै फेला नपरेपछि अन्ततः उनले मोबाइलको अन्तिम लोकेसन खोज्न थालेका हुन् ।

'६ दिनसम्म लास पनि भेटिएको छैन, सम्पर्कमा पनि आएका छैनन्,' उनले भने, 'बाढीबाट बच्न कुनै जंगलतिर भाग्दा अलपत्र परेका छन् कि ?' तामाङको अनुहारमा दाइ जीवितै छन् कि भन्ने आशा देखिन्थ्यो ।

उनीजस्तै बाढीमा आफन्त बेपत्ता भएका अन्य परिवार पनि अहिले मोबाइलको अन्तिम लोकेसन लिएर टिचिङ अस्पताल पुग्न थालेका छन् ।

अस्पतालमा रहेको हेल्प डेस्कमा ६५ जनाले बेपत्ता आफन्तको नाम टिपाएका छन् । मोबाइल नम्बरको अन्तिम लोकेसन र सक्रिय रहेको अन्तिम मिति हेरिदिन आग्रह गर्नेको संख्या पनि बढ्दै गएको छ। झिनो आशामा परिवारहरू मोबाइलको अन्तिम लोकेसन खोजिरहेका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक मीनप्रसाद अर्यालका अनुसार मोबाइल टावरमा रेकर्ड हुने अन्तिम सिग्नलले बाढीबाट बेपत्ता व्यक्ति बाढी आउँदा नदी किनारमा थिए वा पहाडतर्फ भाग्दै थिए भन्ने कुरा पत्ता लगाउन सहज हुन्छ । तर, मोबाइलको चार्ज सकिएर फोन बन्द भएको अवस्थामा भने अन्तिम सिग्नल रेकर्ड नहुन सक्ने उनले बताए। व्यक्तिगत प्रयोजनका लागि प्राधिकरणले यस्तो डेटा ट्रयाकिङमा उपलब्ध नगराउने तर सरकारी संयन्त्र र सुरक्षा निकायले मोबाइल नम्बर तथा नेटवर्क डेटालाई खोजी र उद्धारमा प्रयोग गर्न सक्ने उनले बताए। बेपत्ता आफन्तको खोजीका लागि नेपाल टेलिकम, एनसेल, हुवावे, नेपाल प्रहरी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र साइबर ब्युरोमा समेत फोन नम्बर दिएर 'लास्ट लोकेसन' हेरिदिन आग्रह गर्ने क्रम बढेको छ।

नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेले बेपत्ता व्यक्तिको लास्ट लोकेसन अनुसन्धानका लागि एउटा माध्यम भएको बताए । 'बाढीबाट बेपत्ता भएकाहरूका आफन्त लास्ट लोकेसन पत्ता लगाउन भन्दै आउनुहुन्छ,' उनले भने, 'तर, लोकेसनका आधारमा व्यक्ति त्यहाँ नहुन पनि सक्छन् ।'

बाढीप्रभावित स्थानमा प्रायः लोकेसनले काम नगर्ने उनको भनाइ छ । त्यसैले मोबाइलको अन्तिम लोकेसनलाई मात्रै आधार बनाएर बेपत्ता व्यक्तिको अवस्थाबारे निष्कर्षमा पुग्न नसकिने प्रहरीले जनाएको छ ।

अझै यकिन भएन बेपत्ताको संख्या

रसुवामा आएको विनाशकारी बाढीका कारण सोमबारसम्म ९०३ जनाको मृत्यु पुष्टि भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार १० हजारभन्दा बढीको उद्धार गरिएको छ । २६७ जना घाइते उपचारपछि घर फर्किएका छन्। सम्पर्कविहीनहरूको खोजीका लागि २० हजार ८१९ सुरक्षाकर्मी परिचालन गरिएको छ ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतले लाङटाङ हाइड्रोमा भएको क्षतिसम्बन्धी पनि अहिलेसम्म छुट्टै विवरण प्राप्त नभएको बताइन् । बाढीबाट बेपत्ता भएकाको संख्या भने अझै यकिन हुन सकेको छैन। प्राधिकरणले रसुवा बाढीका कारण बेपत्ता भएकाहरूको यकिन तथ्यांक नरहेको जनाएको छ । महतका अनुसार विपद्बाट बेपत्ता भएका व्यक्तिको यकिन संख्या निर्धारण गर्न अझै कठिन छ ।

हाल स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, राष्ट्रिय निकुञ्ज तथा हाइड्रो आयोजनालगायत सम्बन्धित निकायबाट विवरण संकलन भइरहेको उनले जानकारी दिइन् ।

'आधिकारिक निकायबाट प्राप्त विवरणअनुसार ४ हजार २०२ जना बेपत्ता छन्,' उनले भनिन्, 'उद्धार तथा खोजी कार्य जारी रहेकाले यो संख्या अझै घटबढ हुन सक्नेछ ।'

उनका अनुसार हाइड्रोपावर आयोजना तथा सुरुङमा उद्धार कार्य अझै जारी छ। हाइड्रोको सुरुङबाट मात्रै २८९ जनाको उद्धार गरिएको छ । आइतबार चिनियाँ १५ र भारतीय ७ गरी थप २२ जनालाई हाइड्रो क्षेत्रमा उद्धार गरिएको थियो । सोमबार पनि उद्धार कार्य जारी रहेको उनले बताइन् ।

विपद्बाट अवरुद्ध सडक तथा सञ्चार सेवा अधिकांश क्षेत्रमा सुचारु भइसकेको प्राधिकरणले जनाएको छ। प्राधिकरणकी प्रवक्ता महतले वैकल्पिक मार्ग पहिचान गरी सडक आवागमन सहज बनाइएको जानकारी दिइन् ।

क्षतिग्रस्त नेपाल टेलिकम तथा एनसेलका टावर पनि लगभग सबै सुचारु भइसकेको उनको भनाइ छ। पुनः बाढी आउन सक्ने अवस्थालाई मध्यनजर गर्दै गल्छी र रसुवाको टिमुरेमा हाइड्रोलोजिकल स्टेसन स्थापना गरिएको उनले बताइन् । ती स्टेसनबाट बाढीको रियलटाइम डेटा प्राप्त गर्न सकिनेछ । थप स्थानमा पनि यस्ता स्टेसन जडान गर्दै जाने तयारी भइरहेको उनले जानकारी दिइन् ।

विपद् व्यवस्थापनका लागि प्राधिकरणले करिब १४ वटा छुट्टाछुट्टै कार्यदल गठन गरी परिचालन गरेको छ । बेपत्ता आफन्तको खोजीमा मोबाइलको अन्तिम लोकेसनले परिवारलाई केही आशा दिएको छ । तर, उद्धार तथा खोजीमा संलग्न निकायका अनुसार लोकेसनले व्यक्तिको वास्तविक अवस्थाबारे यकिन जानकारी दिन सक्दैन। त्यसैले मोबाइलको अन्तिम सिग्नल, स्थानीयस्तरबाट प्राप्त विवरण र स्थलगत खोजीलाई जोडेर मात्रै बेपत्ताको अवस्थाबारे निष्कर्षमा पुग्न सकिने अवस्था छ।

अब...
प्रक्रियामा रहेका बोलपत्रका कागजात पनि हार्डकपीमै बुझाउनुपर्नेछ ।

यसअघि नै इजिपीमा बोलपत्र वा दरभाउपत्र खोलिसकिएको, तर आपूर्तिकर्ता तथा परामर्शदाताका प्रस्ताव डाउनलोड गर्न बाँकी रहेका ठेक्काको हकमा भने सम्बन्धित निकायको अनुरोधमा कार्यालयले आवश्यक सहजीकरण गर्नेछ। सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रवक्ता एवं सहसचिव रामप्रसाद आचार्यले इजिपीमा सुरक्षा समस्या देखिएपछि तत्कालका लागि प्रणाली रोकिएको बताए। उनका अनुसार, प्रणालीको प्राविधिक अवस्था अध्ययन गरेर मर्मत तथा सुधारको काम अघि बढाइनेछ । 'विद्युतीय खरिद प्रणालीमा समस्या देखियो। तत्काल प्रणाली मर्मत तथा सुधारका लागि इजिपी स्थगित गरिएको हो। सोहीअनुसार प्रक्रियामा रहेका बोलपत्रका हार्डकपी बुझाउन सूचना जारी गरेका छौं' आचार्यले भने ।

इजिपी सञ्चालनमा नआएसम्म नयाँ बोलपत्र आह्वान गर्नुपरे विगतमा झैं राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने उनले बताए । 'इजिपी नभएको बेलासम्म नयाँ बोलपत्र आह्वान गर्नुपरे राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गर्नुपर्छ। यो अल्पकालीन बाध्यात्मक व्यवस्था हो । प्रणाली सुधार भएपछि संशोधित ऐनले भनेझैं हुनेछ,' उनले भने ।

इजिपीमा देखिएको समस्याबारे अध्ययन गर्न समिति गठन गर्ने तयारी पनि कार्यालयले गरेको छ। समितिले अहिलेको प्रणालीलाई नै मर्मत तथा सुधार गरेर सञ्चालनमा ल्याउने वा नयाँ विद्युतीय खरिद प्रणाली विकास गर्ने भन्नेबारे अध्ययन गर्नेछ ।

सरकारले सार्वजनिक खरिद प्रक्रियालाई विद्युतीय प्रणालीमा केन्द्रित गर्ने भन्दै केही समयअघि कानुनी व्यवस्थासमेत परिवर्तन गरेको थियो । सार्वजनिक खरिद ऐन, २०६३ का दफा १४(१), ३०(२) र ४०(३) संशोधन गर्दै पत्रपत्रिकामा बोलपत्रसम्बन्धी सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था हटाइएको थियो। अध्यादेशमार्फत गरिएको उक्त संशोधनलाई संसद्ले विधेयकमार्फत अनुमोदन गरेपछि असार २५ गते राष्ट्रपतिबाट प्रमाणीकरण भएको थियो। त्यसपछि सार्वजनिक खरिदका सूचना तथा बोलपत्रसम्बन्धी प्रक्रिया विद्युतीय प्रणालीबाटै अघि बढाउने व्यवस्था कार्यान्वयनमा आएको थियो । तर, अनलाइन प्रणालीलाई एकमात्र माध्यम बनाउने कानुनी व्यवस्था कार्यान्वयनमा आएको छोटो समयमै त्यही प्रणालीमा सुरक्षा जोखिम देखिएको छ । यससँगै सरकार फेरि कागजी प्रक्रियामा फर्कनुपर्ने अवस्थामा पुगेको हो ।

यसले सार्वजनिक खरिद प्रक्रियाको निरन्तरता र विद्युतीय प्रणालीको सुरक्षा तथा विश्वसनीयतामाथि प्रश्न उठाएको छ । वैकल्पिक प्रणाली तयार नगरी इजिपीलाई एकमात्र माध्यम बनाइएको भन्दै सरकारी निर्णयको व्यावहारिकतामाथि पनि प्रश्न उठेको छ। यसअघि नै सार्वजनिक खरिदका सूचना पत्रपत्रिकाबाट हटाउने निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो । अधिवक्ताद्वय अनन्तराज लुइँटेल र रामप्रसाद पुडासैनीले सार्वजनिक खरिद ऐन संशोधन गरी पत्रिकामा बोलपत्र सूचना प्रकाशन गर्न नपर्ने व्यवस्था गरिएको भन्दै रिट दायर गरेका थिए ।

उक्त विवादमा सर्वोच्च अदालतको संवैधानिक इजलासले सरकारका नाममा कारण देखाऊ आदेश जारी गरेको थियो । प्रधानन्यायाधीश मनोजकुमार शर्मा तथा न्यायाधीशहरू विनोद शर्मा, शारंगा सुवेदी, अब्दुल अजिज मुसलमान र महेश शर्मा पौडेलको इजलासले सार्वजनिक खरिद ऐन संशोधन गर्नुपर्नाको कारण मागेको थियो। मुद्दाको विषयवस्तु अन्तिम सुनुवाइबाटै निरूपण गर्नुपर्ने प्रकृतिको रहेको भन्दै इजलासले तत्काल अन्तरिम आदेश भने दिएको थिएन ।

सरकारले भने सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी, छरितो र आधुनिक बनाउने उद्देश्यले विद्युतीय प्रणालीलाई प्राथमिक माध्यम बनाइएको बताउँदै आएको थियो। तर, अहिले त्यही प्रणालीमा सुरक्षा जोखिम देखिएपछि खरिद प्रक्रिया प्रभावित हुने अवस्था आएको छ । इजिपीको समस्या समाधान नभएसम्म नयाँ बोलपत्रका लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने भएको छ। यसले सरकारले हालै गरेको कानुनी परिवर्तनको व्यावहारिकतामाथि समेत प्रश्न उठाएको छ । कार्यालयले इजिपी पुनः सञ्चालनमा आउने निश्चित समयसीमा भने तोकेको छैन ।

संघद्वारा...
गरिरहेको बताए । रकम हस्तान्तरण कार्यक्रममा सबै संस्थाका प्रतिनिधि सहभागी रहेका थिए । बाढी पीडितहरूको राहत तथा पुनर्स्थापनाको लागि सञ्चालन गरिएको सहयोग अभियानमा संस्था, व्यक्तिगत, शाखा तथा विभिन्न विदेशी संस्थाहरूसमेत गरी हालसम्म ५२० भन्दा बढी व्यवसायी तथा संस्थाहरूको सहभागिता रहेको बताइएको छ । महासचिव डाँगीले सहयोग प्राप्त हुने क्रम अझै जारी रहेको बताए ।

संकलित सहयोग रकमको प्रयोग तथा आगामी राहतसम्बन्धी गतिविधिमा पारदर्शिता, जवाफदेहिता र संस्थागत निर्णय प्रक्रियालाई प्राथमिकता दिइने भन्दै महासचिव डाँगीले अभियानमा सहभागी सम्पूर्ण व्यवसायी, संस्था, शाखा तथा सहयोगी विदेशी संस्थाहरूको योगदानको उचित अभिलेख राखी सम्बन्धित विवरण व्यवसायीलाई समेत जानकारी गराइने बताए ।संघले विपद्को अवस्थामा मानवीय सेवाभावका साथ सहयोगमा हातेमालो गर्ने सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी तथा सहयोगीहरूप्रति आभार व्यक्त गरेको छ । बाढीपीडितप्रति संघले आफ्नो साथ, सहयोग र ऐक्यबद्धता आगामी दिनमा पनि निरन्तर कायम रहने प्रतिबद्धता जनाएको छ । अप्रत्याशित रूपमा आएको बाढीले अपूरणीय क्षति पुऱ्याएपछि बाढी प्रभावितको उद्धार र पुनर्निर्माणका लागि सहायता जुटाउन संघका अध्यक्ष खत्रीले श्रम गन्तव्य मुलुकका रोजगारदाताहरूलाई सम्बोधन गर्दै सहयोगका लागि अपिल पनि गरेका छन् ।

अन्तर्राष्ट्रिय...
सहभागी रहेका थिए । छलफलमा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि प्रभावित क्षेत्रहरूमा तत्काल राहत, पुनर्निर्माण र रोजगारीका अवसरहरू सिर्जना गर्न द्रुत रोजगार सहायता कार्यक्रम सञ्चालन गर्ने, प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि आवश्यक पर्ने तत्कालीन तथा दीर्घकालीन सीप विकासका तालिमहरू सञ्चालन गर्ने, प्रभावित परिवारका लागि अल्पकालीन रोजगारी सिर्जना गर्दै उनीहरूको जीविकोपार्जनलाई थप सुरक्षित बनाउनेलगायतका विषयमा छलफल गरिएको थियो ।

भागेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बगरकोट, डडेल्धुरा

नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०५/१६)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा ६, सोही ऐनको परिच्छेद ३ को दफा ६४ को उपदफा १(च) र भागेश्वर गाँउपालिकाको आर्थिक ऐन, २०८३ को दफा ११ को व्यवस्था अनुसार यस गाँउपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि तथा खोलाहरूबाट नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, गत वर्षको कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र बोलपत्र फारम दस्तुर बापतको बैक भौचर साथ निवेदन पेश गरी उल्लेखित शर्तहरूको अधिनमा रहि सिलबन्दि दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बिस्तृत सूचना वा जानकारीको लागि गाउँपालिकाको वेभसाइट www.bhageshwormun.gov.np हेर्नुहुन अनुरोध छ ।

बाढीप्रभावित क्षेत्रका अधिकांश स्थानमा विद्युत् र सञ्चार सेवा पुनर्स्थापना

काठमाडौं/मस– बाढीप्रभावित प्रभावित जिल्लामा अवरुद्ध भएको विद्युत् पुनर्स्थापना भइरहेको ऊर्जा तथा जलस्रोत मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार बाढी प्रभावित रसुवाको कालिकास्थान, नौकुण्डको केही भाग गोसाइँकुण्ड गाउँपालिकाको वडा ५ र ६ का केही भाग गरेर सदरमुकाम धुन्चेसहित करिब ३० प्रतिशत घरधुरीमा विद्युत् पुगिसकेको छ ।

साथै आमाछोदिङ गाउँपालिकाका केही भागमा सान्जेन जलविद्युत् आयोजनाबाट छुट्टै प्रणालीमार्फत विद्युत् सञ्चालनको तयारी भइरहेको छ । जिल्लाका बाँकी भागमा घरायसी सोलारमार्फत विद्युत् सेवाका लागि ५०० थान पोर्टेबल सोलार पठाइएको छ ।

नुवाकोट जिल्लाभर विद्युत् सेवा प्रभावित भएकामा हाल ८५ प्रतिशत क्षेत्रमा विद्युत् पुनःस्थापना भइसकेको छ । बाँकी १५ प्रतिशत क्षेत्रमा आगामी पाँच दिनभित्र विद्युत् सेवा उपलब्ध गरी काम भइरहेको छ । विदुर नगरपालिकाको १, ३, ५, ६, १० र ११ का केही भाग स्थान, तारकेश्वर गाउँपालिकाको १, २, ३, ४, ५ र ६ का केही भाग बेलकोटगढी नगरपालिकाको ७ र ८ र किस्पाङ

गाउँपालिकाभर विद्युत् पुऱ्याउने काम भइरहेको छ ।

मन्त्रालयका अनुसार धादिङका पृथ्वीराजमार्गको दायाँबायाँको क्षेत्र (गजुरी, आदमघाट, मलेखु, जहरे, मौवाखोलासम्म) प्रभावित भएकामा आमदघाटको केही क्षेत्रबाहेक धादिङको सम्पूर्ण क्षेत्रमा ९८ प्रतिशत विद्युत् सेवा पुनःस्थापना भइसकेको छ । अबको दुई दिनमा सम्पूर्ण क्षेत्रमा विद्युत् सेवा पुनःस्थापना हुनेगरी काम भइरहेको छ ।

सूचना तथा सञ्चार मन्त्रालयका अनुसारसञ्चार सेवा पनि अधिकांश स्थानमा पूरा भइसकेको छ । नेपाल टेलिकमका १२० बिटिएसमध्ये ११० वटा र एनसेलका ७८ मध्ये ७५ वटा टावरले सेवा प्रवाह सुरु गरिसकेका छन् ।

रियल-टाइम सिसी क्यामेरा जडान

रसुवाको टिमुरेमा बाढीको प्रत्यक्ष अवलोकन तथा पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन 'रियल-टाइम' सिसी क्यामेरा जडान गरिएको छ । आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बिराज भक्त श्रेष्ठले जल तथा मौसम विज्ञान विभागका अधिकारी एवं विज्ञहरूसँग रसुवा-नुवाकोटलगायत प्रभावित क्षेत्रमा मौसम तथा बाढीको सम्भावित जोखिमबारे छलफल गरेका थिए । सो छलफलमा नदीको अवस्था निरन्तर निगरानी गर्ने, पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउने र जोखिम न्यूनीकरणका लागि तयारी तीव्र पार्ने विषयमा जोड दिइएको थियो । सोही बैठकको निर्णयअनुसार जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रको अगुवाइमा सोमबार टिमुरेमा सिसी क्यामेरा जडान कार्य सम्पन्न गरिएको हो । हाल उक्त प्रणालीलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन भिस्याट जडान तथा सञ्चार प्रणाली व्यवस्थापनको काम भएको छ । यो प्रणाली सोमबार रातिदेखि नै सञ्चालनमा आएको छ ।

जडान गरिएको सिसी क्यामेरामार्फत टिमुरे-रसुवागढी क्षेत्रमा नदीको बहाव र बाढीको अवस्था प्रत्यक्ष (रियल-टाइम) रूपमा अवलोकन गर्न सकिनेछ । यसबाट प्राप्त दृश्य तथा तथ्यांकलाई विभागको २४ घण्टे बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवामा एकीकृत गरी चौबिसै घण्टा निगरानी गरिनेछ । विशेषगरी सीमावर्ती क्षेत्रमा नदीको अवस्था अध्ययन गर्न, बाढीको सम्भावित जोखिम र घटनाको प्रारम्भिक पहिचान गर्न यस प्रणालीले सहयोग पुऱ्याउनेछ । यसबाट समयमै सूचना प्रवाह गरी क्षति न्यूनीकरण गर्न महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

अस्ताए पहिलो पोस्टिङमा टिमुरे पुगेका आयुष

निशा श्रेष्ठ/एनपिएल
चितवन, १५ भदौ

सल्यानका २१ वर्षीय आयुष खड्का स्नातकको परीक्षा दिन रसुवाबाट दुई दिनपछि गृहजिल्ला जाने तयारीमा थिए । लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरेपछि गत वैशाखमा रसुवा टिमुरेस्थित क्वारेन्टाइन कार्यालयमा उनको पहिलो पोष्टिङ भएको थियो । तर, सेवा प्रवेश गरेर काम थालेको पाँच महिनामै विनाशकारी बाढीमा परेर उनले ज्यान गुमाएका छन् ।

बाढीमा परेर शव भेटिएको पाँच दिनपछि सोमबार चितवन र तनहुँको संगम देवघाटमा उनको अन्त्येष्टि गरिएको छ । शव बिग्रने अवस्था भएको र घरसम्म लैजान नमिल्ने भएपछि देवघाटमै

अन्त्येष्टि गरिएको आयुषका काका रमेश खड्काले बताए । काका रमेशकाअनुसार रसुवा पोस्टिङ भएपछि आयुषले अधिकृतमा नाम निकालेर सरकारी जागिर प्रवेश गर्ने सोच बनाएका थिए । तर, परिवारले नाम निस्किएकाले काम गर्दै पढ्न सुझाव दिएपछि उनी रसुवा पुगे । 'पढ्नमा साह्रै रुचि राख्थ्यो । खरिदार हुँदिनँ । म सिधै अधिकृत निकाल्छु भन्थ्यो,' रमेशले सुनाए, 'रसुवाको पोस्टिङमा खासै रुचि देखाएको थिएन । तर, परिवारमा कुरा भएपछि जान बाध्य भयो ।'

बागचौर नगरपालिका- १० पिपलनेटाका आयुष, खड्का परिवारकै जेठो छोरा हुन् । उनी भदौ १२ मा काठमाडौं आउने र त्यसपछि परीक्षा दिन भदौ १६ मा घर जाने योजनामा थिए । दुर्भाग्य, घर जाने तयारी गरिरहँदा भदौ १०को बिहान उनी बाढीमा परे ।

आयुषको परिवारमा बुवा, आमा र बहिनी छन् । आयुष बाढीमा परेको खबरपछि आमा मुना बेहोस भएकी थिइन् । आयुषको अन्त्येष्टि भइरहँदा आमा मुना र बहिनी आयुषा अर्धमुर्छित भएका थिए । अन्त्येष्टिमा सहभागी आफन्तले उनीहरूलाई सम्हालेका थिए ।

यमुनामाईका करार कर्मचारीद्वारा आन्दोलनको चेतावनी

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, १५ भदौ

रौतहटको यमुनामाई गाउँपालिकाका करार तथा दैनिक ज्यालादारी कर्मचारीले म्याद थप र नियुक्तिपत्र नपाएको भन्दै गाउँपालिका कार्यालयमा तालाबन्दी गरी कामकाज ठप्प पार्ने चेतावनी दिएका छन् । गाउँपालिकाअन्तर्गत कार्यरत कर्मचारीहरूले संयुक्त रूपमा हस्ताक्षर गरी सोमबार गाउँपालिकाकी उपाध्यक्ष अनुराधा कुमारीलाई ज्ञापनपत्र बुझाउँदै आफ्ना माग तत्काल सम्बोधन गर्न आग्रह गरेका हुन् ।

ज्ञापनपत्रमा नयाँ आर्थिक वर्ष २०८३/८४ सुरु भएको साउन १

गतेदेखि भदौ १५ गतेसम्म पनि करार नियुक्ति तथा सम्झौतापत्र नपाएको उल्लेख छ । नियुक्ति तथा म्याद थपसम्बन्धी कुनै आधिकारिक प्रमाणबिना काम गर्नुपर्दा सेवा प्रवाहमा अन्योल र व्यावहारिक कठिनाइ उत्पन्न भएको कर्मचारीहरूको भनाइ छ ।

कर्मचारीहरूले भदौ १५ देखि १८ गतेसम्मको अल्टिमेटम दिँदै उक्त अवधिभित्र नियुक्तिपत्र उपलब्ध नगराए वा म्याद थपको प्रक्रिया अघि नबढाए कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

तोकिएको समयभित्र माग सम्बोधन नभए गाउँपालिका कार्यालय तथा अन्तर्गतका सबै वडा कार्यालय, स्वास्थ्य चौकी, ल्याब, नगर प्रहरी र शैक्षिक शाखाको कामकाज पूर्ण रूपमा ठप्प पार्दै कार्यालयमा तालाबन्दी गर्न बाध्य हुने उनीहरूले बताएका छन् ।

ज्ञापनपत्रमा गाउँपालिका कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य, प्राविधिक तथा सरसफाइ शाखामा कार्यरत ३५ भन्दा बढी कर्मचारीले ऐक्यबद्धता जनाउँदै हस्ताक्षर गरेका छन् ।

मुस्लिम आयोगद्वारा भोटेकोशी विपद्पीडित अध्ययन तथा राहत समिति गठन

इस्त्याक अहमद/मध्यान्ह
काठमाडौं, १५ भदौ

मुस्लिम आयोगले भोटेकोशी क्षेत्रमा गएको विपद्बाट प्रभावित नागरिकको अवस्था अध्ययन तथा राहत, उद्धार र पुनर्स्थापनाका कार्यमा समन्वय गर्न 'भोटेकोशी विपद्पीडित अध्ययन तथा राहत समिति' गठन गरेको छ ।

आयोगको सोमबार बसेको बैठकले आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलीको संयोजकत्वमा समिति गठन गरेको हो । समितिका सदस्यमा पूर्वमन्त्री मोहम्मद जाकिर हुसैन तथा आयोगका सदस्यद्वय मिर्जा अर्शद वेग र मो. शमसुल हक रहेका छन् । आयोगकी सचिव शोभा कुमारी पोखरेललाई सदस्य-सचिवको जिम्मेवारी दिइएको छ ।

आयोगका कार्यवाहक अध्यक्ष अलीका अनुसार समितिले सरकार, गैरसरकारी संस्था तथा विदेशी सहयोगी संस्थासँग समन्वय गरी विपद्पीडितको खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सहयोग पुऱ्याउनेछ ।

त्यस्तै, समितिले स्वदेशी तथा विदेशी मुस्लिम संघ-संस्थासँग

समन्वय गरी आवश्यक कानुनी तथा प्रशासनिक सहयोग जुटाउन पहल गर्नेछ । राहत तथा उद्धारमा संलग्न विभिन्न संघ-संस्थालाई आवश्यक सूचना, तथ्यांक तथा परामर्श उपलब्ध गराउने र आयोगको निर्देशनअनुसार काम गर्ने जनाइएको छ ।

अलीका अनुसार समितिले केही दिनभित्रै विपद् प्रभावित क्षेत्रको स्थलगत अध्ययन भ्रमण गर्ने छ । त्यसपछि आयोगले हेल्प डेस्क स्थापना गरी खोज, उद्धार, राहत तथा पुनःस्थापनाका गतिविधिलाई प्रभावकारी बनाउन समन्वयकारी भूमिका निर्वाह गर्ने छ । आयोगले प्रभावित क्षेत्रको वास्तविक अवस्था, आवश्यकतासम्बन्धी विवरण तथा राहत कार्यको प्रगतिबारे नियमित सूचना प्रवाह गर्ने तयारीसमेत गरेको छ ।

विशेषगरी मुस्लिम समुदायबाट सञ्चालित गैरसरकारी संस्था तथा सामाजिक संघ-संस्थासँग समन्वय गरी उनीहरूको स्रोत, जनशक्ति र सहयोग विपद्पीडितसम्म प्रभावकारी रूपमा पुऱ्याउने आयोगले जनाएको छ ।

समितिले आवश्यकताअनुसार सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय तह तथा अन्य सहयोगी संस्थासँग समेत सहकार्य गर्ने जनाइएको छ ।

हिमाली जनता माविका शिक्षक सिंहको बिदाइ

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, १५ भदौ

रौतहटको फतुवा विजयपुर नगरपालिका-११ हिमालीवासस्थित हिमाली जनता माध्यमिक विद्यालयका शिक्षक रामप्रवेश प्रसाद सिंहलाई ससम्मान बिदाइ गरिएको छ । अनिवार्य अवकाश प्राप्त गरेका सिंहलाई सोमबार विद्यालय परिवार, विद्यार्थी, अभिभावक तथा शिक्षकहरूले भव्य कार्यक्रमबीच सम्मानपूर्वक बिदाइ गरेका हुन् ।

विद्यालय प्रांगणमा आयोजित बिदाइ कार्यक्रममा सिंहले करिब ३० वर्षसम्म शिक्षण सेवामा पुऱ्याएको योगदानको चर्चा गरिएको थियो ।

विद्यालयका प्रधानाध्यापक बुनिलाल प्रसाद यादवले विद्यालयको शैक्षिक विकासमा शिक्षक सिंहले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै उनको योगदान विद्यालय परिवारले सधैं स्मरण गरिरहने बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रल्हाद भुजेलले लामो समयसम्म विद्यालयमा अध्यापन गर्दै शैक्षिक क्षेत्रमा पुऱ्याएको सिंहको योगदान अतुलनीय रहेको उल्लेख

गरे । त्यस्तै, विजयपुर माध्यमिक विद्यालयका प्रधानाध्यापक शंकर यादवले विद्यालयको शैक्षिक अवस्था सुधारमा सिंहको भूमिका सराहनीय रहेको बताए । पेटभर्वा माध्यमिक विद्यालयका प्रधानाध्यापक राधेश्याम यादवले सिंहले शिक्षकको जिम्मेवारीसँगै विद्यालयमा अभिभावकको भूमिकासमेत निर्वाह गरेको स्मरण गर्दै उहाँको योगदानको प्रशंसा गरे ।

कार्यक्रममा विद्यालय परिवारका तर्फबाट शिक्षक सिंहलाई मायाको चिनो तथा कदरपत्रसहित सम्मान गरिएको थियो । लामो समयसम्म विद्यालयमा सेवा गरेका प्रिय शिक्षकलाई बिदाइ गर्ने क्रममा विद्यार्थी, अभिभावक तथा शिक्षकहरू भावुक बनेका थिए ।

करिब तीन दशक लामो शिक्षण यात्रापछि अवकाश प्राप्त गरेका शिक्षक सिंहलाई वक्ताहरूले आगामी जीवनका लागि सुख, शान्ति र सुस्वास्थ्यको शुभकामना व्यक्त गरेका थिए ।

भोटेकोशी बाढीपीडितका लागि खोरथली सामुदायिक वनको सहयोग

राजकुमार भुजेल/मध्यान्ह
दोलखा, १५ भदौ

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि दोलखाको खोरथली सामुदायिक वन उपभोक्ता समूहले २ लाख ५५ हजार रुपैयाँ सहयोग गरेको छ ।

भीमेश्वर नगरपालिका-३ र ६ मा रहेको खोरथली सामुदायिक वन उपभोक्ता समूहले बाढीपीडितका लागि उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गर्न जिल्ला प्रशासन कार्यालय दोलखामार्फत राष्ट्रिय वाणिज्य बैंक, चरिकोटलाई अनुरोध गरेको हो । रसुवामा आएको बाढीका कारण ठुलो जनधनको क्षति हुनुका

साथै धेरै नागरिक प्रभावित भएका छन् । बाढीमा दोलखा जिल्लाका नागरिकहरू समेत दर्जनौं व्यक्ति सम्पर्कविहीन भएका छन् भने केही नागरिकको उद्धार गरिएको छ । रोजगारी तथा विभिन्न कामको सिलसिलामा रसुवा पुगेका दोलखाली नागरिकसमेत विपद्को चपेटामा परेपछि जिल्लामा रहेका परिवारजनमा चिन्ता बढेको छ ।

यस्तो विपद्को समयमा प्रभावित नागरिक तथा परिवारलाई राहत र सहयोग पुगोस् भन्ने उद्देश्यले सामुदायिक वन उपभोक्ता समूहले आफ्नो तर्फबाट सहयोग रकम उपलब्ध गराएको हो । जिल्ला प्रशासन कार्यालय दोलखाले खोरथली सामुदायिक वन उपभोक्ता समूहबाट प्राप्त २ लाख ५५ हजार रुपैयाँ प्रधानमन्त्री राहत कोषको खातामा जम्मा गरिदिन राष्ट्रिय वाणिज्य बैंक, चरिकोटलाई पत्राचार गरेको छ । खोरथली सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष तथा प्रवक्ता श्याम गौतमले रसुवा बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा सहयोगका लागि २ लाख ५५ हजार रुपैयाँ उपलब्ध गराइएको जानकारी दिए ।

कृष्णभिरमा सडक भासिएपछि वैकल्पिक रुटबाट सवारी सञ्चालन

काठमाडौं/मस– पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभिरमा सडक भासिएपछि काठमाडौं प्रवेश गर्ने र बाहिरिने सवारीसाधनलाई वैकल्पिक मार्गबाट सञ्चालन गरिएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथका अनुसार पहिरोका कारण राजमार्ग अवरुद्ध भएपछि यात्रुवाहक सवारीसाधनलाई काठमाडौं-बाइरोड-नौबिसे-पालुङ-भैंसे तथा फर्पिङ-कुलेखानी हुँदै सञ्चालन गरिएको छ । मालवाहक सवारीसाधनलाई भने कान्ति लोकपथ हुँदै आवतजावतको व्यवस्था मिलाइएको प्रहरीले जनाएको छ । त्यस्तै, रसुवा जाने सवारीसाधनले टोखा-छहरे-नुवाकोट हुँदै वैकल्पिक मार्ग प्रयोग गर्न सक्ने व्यवस्था गरिएको कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । उनका अनुसार रसुवाको धुन्चेसम्म राहत सामग्री पुऱ्याउन अहिले चारपांग्रे सवारीसाधन मात्र प्रयोग गर्न सकिने अवस्था छ । कच्ची सडक भएकाले राहत सामग्री बोकेका सवारीसाधनले ट्राफिक प्रहरीसँग समन्वय गरी आवागमन गर्नुपर्ने



उनले बताए । वैकल्पिक मार्गमा सवारीसाधनको चाप बढेकाले सवारी जाम तथा दुर्घटनाको जोखिम कम गर्न ट्राफिक प्रहरीले चालकलाई धैर्यपूर्वक आफ्नो पालोमा मात्र सवारी चलाउन र ओभरटेक नगर्न आग्रह गरेको छ । यात्रु, यातायात व्यवसायी तथा चालकलाई तोकिएको वैकल्पिक मार्गको व्यवस्था पालना गरी आवागमन सहज बनाउन सहयोग गर्न ट्राफिक प्रहरीले अनुरोध गरेको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१६

मिति २०८३/०४/३१ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम सांविक कम्पनी **के.टि.एम. ड्रिम एजुकेसन फाउन्डेसन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा सांविक नाम परिवर्तन गरी **ड्रिम ल्याङ्ग्वेज एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लि (प्रा. लि. नं.: ३८८३६१)** कायम गर्ने गरी मिति २०८३/०५/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Kakani Rural Municipality
ཀཱ་ཀཱ་ནི་ གཞུང་སྡེ་པའི་ཀུང་
Office of the Rural Executive
Ranipauwa, Nuwakot
Est: 2073
Bagamati Province
Date of Publication: 2026/09/01

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive Ranipauwa, Nuwakot invites a competitive Hardcopy Bidding from Eligible Bidders for the following works

Contract No	Description	Estimate amount	Bid security Validity period	Bid Security Amount	Price of Bid Document	Last Date of Submission	Bid opening Date and Address
Krm/Goods/01/ Mplastic/2083/084	Purchase of Mulching Plastic 2083	Rs.20,97,150 (including VAT)	90 days	NRs. 60,000	3,000	22-09-2026 12:00 hrs.	22-09-2026 13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa
KRM/NCB/Goods-Revenue/01/2083/084	Collection of Internal Revenue from the sales of River borne materials, Mined materials, Bricks, Woods, etc. and Kabadi Borne Materials for FY 2083/084	Rs.2,54,60,845.80 (Excluding VAT)	90 days	NRs. 12,74,000	3,000	22-09-2026 12:00 hrs.	22-09-2026 13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa

2. Details of Bank for Cost Bid Document Agricultural Development Bank, Ranipauwa Branch Office Account no: 0213401251034093 (Kakani Rural Municipality Rajaswo Khata) and cash Deposit for Bid Security Agricultural Development Bank, Ranipauwa Branch, Deposit Account no 0213401251034042, Name of the Office: Kakani Rural Municipality, office of the Municipal Executive, Ranipauwa, Nuwakot
3. Eligible Bidders are advised to buy the bid document by 2026-09-21 at office hour from Kakani Rural Municipality's office. For further details or may contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot, Telephone: 9851241660 and mailing Address: ito.kakanimun@gmail.com
4. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendment.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

राष्ट्रिय एकताको परीक्षा

भोटेकोशीमा आएको विनाशकारी बाढीले ठुलो मानवीय र भौतिक क्षति गरेको छ । रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा जनजीवन प्रभावित भएको छ । ठुलो संख्यामा नागरिक बेपत्ता छन् । हजारौं परिवार विस्थापित भएका छन् । सडक, विद्युत्, सञ्चार र जलविद्युत् आयोजनामा क्षति पुगेको छ । यस्तो अवस्थामा सरकारको पहिलो दायित्व नागरिकको जीवन रक्षा, खोज तथा उद्धार र राहत हो । नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली खोज तथा उद्धारमा परिचालित छ । यति ठुलो विपद्मा संघीय सरकारको प्रयास मात्र पर्याप्त हुँदैन । विपद् व्यवस्थापन तीनै तहका सरकारको साझा जिम्मेवारी हो । संघ, प्रदेश र स्थानीय सरकारबीच तत्काल प्रभावकारी समन्वय आवश्यक छ । कुन निकायले के काम गर्ने भन्ने स्पष्ट कार्यविभाजन हुनुपर्छ । खोज तथा उद्धार, राहत, स्वास्थ्य उपचार, सडक तथा सञ्चार पुनःस्थापना र विस्थापितको व्यवस्थापनमा सबै तहले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ ।

अहिले स्थानीय जनप्रतिनिधिले संघीय सरकारसँग पर्याप्त समन्वय हुन नसकेको गुनासो गरेका छन् । प्रदेश सरकारको भूमिका पनि कमजोर देखिएको टिप्पणी भइरहेको छ । यस्तो गुनासो आउनुले आपसमा आवश्यक समन्वय भइरहेको छैन भन्ने देखाउँछ । तर, अहिले आरोप-प्रत्यारोपमा समय बिताउने होइन । कमजोरी सच्याउँदै युद्धस्तरमा विपद् व्यवस्थापनको समय हो ।

विपद्का बेला राजनीतिक पक्ष र विपक्ष हुँदैन । अहिलेको संकट सरकारको मात्र समस्या पनि होइन । नागरिकको जीवनसँग जोडिएको राष्ट्रिय संकट हो । त्यसैले सरकारमा रहेका र बाहिर रहेका सबै राजनीतिक शक्ति, जनप्रतिनिधि, नागरिक समाज, निजी क्षेत्र र विज्ञलाई एउटै उद्देश्यमा जोड्नुपर्छ । राजनीतिक मतभेद आफ्ना ठाउँमा छन् । तर, विपद्को घडीमा ती मतभेदभन्दा नागरिकको जीवन ठुलो हो ।

स्थानीय तहसँग विपद्को वास्तविक अवस्थाबारे सबैभन्दा नजिकको जानकारी हुन्छ । प्रदेशसँग स्रोत र समन्वयको क्षमता हुन्छ । संघीय सरकारसँग राष्ट्रिय स्रोत, सुरक्षा संयन्त्र र ठुलो स्तरमा उद्धार तथा राहत परिचालन गर्ने सामर्थ्य हुन्छ । यी क्षमता एक ठाउँमा जोडिए मात्र प्रभावकारी विपद् व्यवस्थापन सम्भव हुन्छ । अहिले शव व्यवस्थापन, सुरूङमा फसेकाको उद्धार, सडक सञ्चालन, खाद्यान्न, आवास र स्वास्थ्य उपचारमा धेरै काम गर्नुपर्ने बेला छ । जहाँ आवश्यकता छ, त्यहाँ स्रोत र जनशक्ति तत्काल पुऱ्याउनुपर्छ । आवश्यक परे निजी क्षेत्र, स्वदेशी तथा विदेशी उद्धार विज्ञ र उपलब्ध सबै संयन्त्रको सहयोग लिनुपर्छ ।

विपद् राष्ट्रिय एकताको परीक्षा हो । त्यसैले सबैखाले मत, मतान्तर र राजनीतिक आग्रहभन्दा माथि उठेर नागरिकको जीवन रक्षा जुट्नुपर्छ । तीनै तहका सरकारबीच बलियो समन्वय र स्पष्ट कार्यविभाजनसहित संयुक्त प्रयास नै अहिलेको आवश्यकता हो ।

विपद्मा पाँच मिनेटको उत्थानशीलता

जलवायु परिवर्तनसँगै हिमाली क्षेत्रमा विपत्तिको स्वरूप बदलिँदै छ । पहिरो, हिमपहिरो, नदी थुनिने र अचानक बाढी आउने शृंखला बढ्दै छन् । विपत्तिको पूर्वानुमान सधैं घण्टौंअघि सम्भव नहुन सक्छ । त्यसैले नेपालले पाँच मिनेटभित्र सूचना, निर्णय र प्रतिकार्य सुरु गर्न सक्ने बहुजोखिम पूर्वसूचना प्रणाली विकास गर्नुपर्छ ।

अग्रलेख

● डा. रोहिणी देवकोटा

१० भदौमा पश्चिम भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको विनाशकारी बाढीलाई अर्को एउटा हिमाली बाढीका रूपमा मात्र हेर्न मिल्दैन । यसले नेपालको विपद् जोखिम व्यवस्थापनमा रहेका कमजोरी फेरि उजागर गरिदिएको छ । खासगरी, केही मिनेटमै विकसित हुने र एकपछि अर्को विपत्तिमा बदलिन सक्ने जोखिम पहिचान गर्ने हाम्रो क्षमता कमजोर देखिएको छ । उपलब्ध प्रमाणअनुसार यो घटना हिउँ र चट्टान खस्ने हिमपहिरोबाट सुरु भएको देखिन्छ । त्यसपछि ल्हेन्दे खोला थुनियो । अस्थायी प्राकृतिक बाँध बन्यो । बाँध फुटेपछि पानीको ठुलो लहर तल आयो । घटनाको वास्तविक स्रोत र बाँध फुट्ने प्रक्रिया भने अझै अध्ययनकै क्रममा छ । तर, विपत्ति पहिलो बाढीमै सकिएन । तिब्बततर्फ दुई नदीको संगमनजिक हिमपहिरो र बाढीले बगाएर ल्याएको गेग्रान थुप्रिएपछि अर्को प्राकृतिक ताल बन्यो । त्यसले फेरि जोखिम थप्यो ।

यस घटनाले हिमाली विपत्तिको बदलिँदो स्वरूप देखाउँछ । एउटा घटना अर्को घटनाको कारण बन्न सक्छ । पहाड अस्थिर हुन सक्छ । बरफ र चट्टान खस्न सक्छ । त्यसले नदी थुन्न सक्छ । नदी थुनिएर अस्थायी ताल बन्न सक्छ । त्यो ताल फुटेपछि अचानक ठुलो बाढी आउन सक्छ ।

जलवायु परिवर्तन र हिमाली जोखिम

टाढाबाट हेर्दा हिमाल स्थिर देखिन्छ । तर, हिमाल स्थिर छैन । तापक्रम बढिरहेको छ । हिमनदी र बरफको अवस्था बदलिँदै छ । लामो समयदेखि जमेको माटो अर्थात् पर्माफ्रोस्ट पग्लिँदै छ । यसले हिमाली ढलानको स्थिरतामा असर पार्न सक्छ ।

जलवायु परिवर्तनले यस्ता परिवर्तनलाई अझ तीव्र बनाइरहेको छ । यसको परिणामस्वरूप उच्च हिमाली क्षेत्रमा अचानक विकसित हुने र एकपछि अर्को घटनामा बदलिने विपत्तिको जोखिम बढ्दै गएको छ ।

अब जोखिमको अध्ययन ठुला र पहिलेदेखि चिनिएका हिमतालमा मात्र सीमित हुनुहुँदैन । झुन्डिएका हिमनदी, अस्थिर बरफ-चट्टानयुक्त ढलान, पर्माफ्रोस्ट र छोटो समयमा बन्न सक्ने अस्थायी प्राकृतिक बाँधलाई पनि निगरानीमा राख्नुपर्छ ।

२०२६को घटनाले एउटा महत्वपूर्ण कुरा देखाएको छ–पहिलो बाढी सकिएपछि पनि जोखिम समाप्त हुँदैन । त्यसपछि अर्को प्राकृतिक ताल बन्न सक्छ । फेरि बाढी आउन सक्छ । त्यसैले हिमाली विपत्तिलाई एउटा घटनाका रूपमा होइन, सम्भावित घटनाहरूको शृंखलाका रूपमा बुझ्नुपर्छ ।

विगतका विपत्तिबाट सिकाइ

नेपालका लागि यस्तो जोखिम नयाँ होइन । १९८१को चिरेनमाको हिमताल विस्फोट, १९८५को डिग छो हिमताल विस्फोट, २०१४को जुरे पहिरो, २०१६को भोटेकोशी-पोइकु घटना, २०२१को मेलम्ची बाढी र २०२५को पश्चिम भोटेकोशी विपत्तिले हामीलाई पटकपटक सचेत गराएका छन् । तर, समस्या चेतावनी नआउनु होइन । समस्या ती चेतावनीलाई स्थायी तयारीमा बदल्न नसक्नु हो ।

विपत्तिपछि समिति बन्छ । प्रतिवेदन तयार हुन्छ । सुझाव आउँछन् । तर, ती सुझावलाई स्थायी नीति, पूर्वाधार र अभ्यासमा बदल्ने काम कमजोर हुन्छ । अब यो प्रवृत्ति बदल्नुपर्छ । हरेक ठुलो विपत्तिपछि प्राप्त सिकाइलाई अर्को विपत्तिको तयारीसँग जोड्नुपर्छ । कसले के गर्ने ? कति बजेट चाहिन्छ ? कति समयभित्र काम सक्ने ? कसले अनुगमन गर्ने ? यी कुरा पहिल्यै तय हुनुपर्छ । विपत्तिबाट सिकाइको अर्थ प्रतिवेदन तयार गर्नु होइन । अर्को विपत्ति आउँदा त्यसबाट कम क्षति हुनु नै वास्तविक सिकाइ हो ।

पूर्वसूचना प्रणाली बदलौं

नेपालमा बाढी पूर्वसूचना प्रणालीले विगतमा धेरैको ज्यान जोगाएको छ । तर, यस्तो प्रणाली नदीको पानीको तह नाप्ने उपकरणमा धेरै निर्भर छ । बिस्तारै बढ्ने मनसुनी बाढीका लागि यो प्रभावकारी हुन सक्छ । तर, हिमाली क्षेत्रमा अचानक आउने बाढी फरक हुन्छ । त्यहाँ केही मिनेटमै पानी र गेग्रानको ठुलो लहर आउन सक्छ । अझ जोखिमपूर्ण कुरा के हो भने बाढीले पूर्वसूचना प्रणालीकै उपकरण बगाउन सक्छ । नदी नाप्ने उपकरण नष्ट हुन सक्छ । सञ्चार टावर ढल्न सक्छ । मोबाइल सेवा बन्द हुन सक्छ ।

एउटै उपकरण र एउटै सञ्चारमाध्यममा भर पर्ने प्रणाली त्यसैले पर्याप्त हुँदैन । नेपालले अब नदीको पानीको तह नाप्ने उपकरणसँगै भूकम्पीय सेन्सर, क्यामेरा, भू-उपग्रहबाट प्राप्त सूचना, वर्षा र मौसमसम्बन्धी तथ्यांकलाई एकीकृत गर्नुपर्छ । नदीमा पानी, गेग्रान र बहावमा आएको असामान्य परिवर्तन पनि निरन्तर निगरानी गर्नुपर्छ । हिमपहिरो, पहिरो वा नदीमा आएको असामान्य परिवर्तन पहिचान हुनेबित्तिकै स्वचालित चेतावनी जाने व्यवस्था हुनुपर्छ ।

सञ्चार प्रणाली पनि एउटा मात्र हुनुहुँदैन । साइरन, लाउडस्पिकर, मोबाइल सूचना, रेडियो र भू-उपग्रहमा आधारित सञ्चार एकअर्काका विकल्पका रूपमा तयार हुनुपर्छ । बाढीले एउटा माध्यम नष्ट गरे पनि अर्को माध्यमबाट सूचना समुदायसम्म पुग्नुपर्छ । अब नेपाललाई एकल जोखिममा आधारित बाढी पूर्वसूचना प्रणाली होइन, बहुजोखिम र शृंखलाबद्ध विपत्ति पहिचान गर्ने प्रणाली चाहिन्छ ।

अन्तर्राष्ट्रिय अनुभव

नेपालले अन्य देशका अनुभवबाट पनि सिक्न सक्छ । भुटानले नदीको पानीको तह, वर्षा, भूकम्पीय गतिविधि र माथिल्लो क्षेत्रको अवस्थालाई स्वचालित उपकरणबाट निगरानी गर्छ । सूचना केन्द्रीय नियन्त्रण कक्षमा पुग्छ । जोखिमको पूर्वनिर्धारित सीमा नाघेपछि सरकार, जलविद्युत् आयोजना र समुदायलाई तत्काल चेतावनी दिइन्छ । यसबाट एउटा महत्त्वपूर्ण पाठ लिन सकिन्छ- पूर्वसूचना प्रणाली भनेको सेन्सर जडान गर्नु मात्र होइन । खतरा पहिचान गर्ने, सूचना पठाउने, निर्णय गर्ने, चेतावनी जारी गर्ने र मानिसलाई सुरक्षित स्थानमा सार्नेसम्मको पूरै शृंखला तयार हुनुपर्छ ।

पाकिस्तानको अनुभवले प्रविधिसँगै समुदायको सहभागिताको महत्त्व देखाउँछ । पानीको रङ बदलिनु, नदीको आवाज फरक हुनु, पानीको तह अचानक बढ्नु वा असामान्य रूपमा गेग्रान बग्नुजस्ता संकेत स्थानीय मानिसले सबैभन्दा पहिले देख्न सक्छन् । त्यसैले समुदायलाई सूचना पाउने पक्षका रूपमा मात्र होइन, सूचना दिने पक्षका रूपमा पनि हेर्नुपर्छ ।

जापानको अभ्यासले जोखिमको सीमा तोकेर त्यसअनुसार स्वचालित चेतावनी दिने प्रणालीको महत्त्व देखाउँछ । वर्षा, राडार, क्यामेरा, कम्पन र भू-उपग्रहबाट प्राप्त सूचना एकीकृत गरेर जोखिमको सीमा नाघेपछि तत्काल चेतावनी दिइन्छ । नेपालले पनि यस्तै बहु-स्रोत सूचना प्रणाली विकास गर्न सक्छ । विपत्ति ठ्याक्कै कहिले र कहाँ आउँछ भनेर सधैं भविष्यवाणी गर्न नसकिएला । तर, जोखिम बढेको अवस्था पहिचान गरेर मानिसलाई सुरक्षित बनाउने कदम भने चाल्न सकिन्छ ।

पाँच मिनेट मोडल

यही सन्दर्भमा 'पाँच मिनेटको उत्थानशीलता' अवधारणा महत्त्वपूर्ण हुन्छ । केही हिमाली विपत्ति यति छिटो विकसित हुन्छन् कि लामो समयअघिको पूर्वानुमान सम्भव नहुन सक्छ । कहिलेकाहीं पाँचदेखि १५ मिनेटको मात्र प्रभावकारी चेतावनी समय उपलब्ध हुन सक्छ । त्यसैले प्रश्न 'एक घण्टा अगाडि सूचना दिन सकिन्छ कि सकिँदैन ?' मात्र होइन ।

मुख्य प्रश्न हो–पाँच मिनेटको सूचना पाएपछि हामी के गर्न सक्छौं ? पूर्वसूचनाको सफलता सूचना कति चाँडो आयो भन्नेमा मात्र निर्भर हुँदैन । सूचना पाएपछि कति छिटो निर्णय हुन्छ र मानिस कति छिटो सुरक्षित स्थानमा पुग्छन् भन्ने पनि उत्तिकै महत्वपूर्ण हुन्छ । पाँच मिनेटको उत्थानशीलताको मूल भावना यही हो–केही मिनेटको सूचनालाई जीवनरक्षाको अवसरमा बदल्नु । यसको सम्भावित ढाँचा सरल हुन सक्छ ।

शून्य मिनेट : सेन्सरले ठुलो भूकम्पीय गतिविधि वा पहाड खस्ने संकेत पहिचान गर्छ ।

पहिलो मिनेट : प्रणालीले त्यसलाई सम्भावित आपत्कालीन घटनाका रूपमा स्वचालित रूपमा पहिचान गर्छ ।

दोस्रो मिनेट : सरकारी निकाय, उद्धार टोली र जलविद्युत् आयोजनाले सूचना पाउँछन् ।

तेस्रो मिनेट : साइरन, लाउडस्पिकर, मोबाइल सूचना र अन्य चेतावनी प्रणाली सक्रिय हुन्छन् ।

चौथो मिनेट : सम्भव भएसम्म जोखिमयुक्त पुल, सडक र प्रवेशमार्ग बन्द गरिन्छ ।

पाँचौं मिनेटपछि : समुदाय पहिल्यै पहिचान गरिएका सुरक्षित स्थानतर्फ जान थाल्छ ।

यो प्रविधिको योजना मात्र होइन । सुरक्षित स्थान पहिल्यै पहिचान गरिएको हुनुपर्छ । कुन बस्ती कहाँ जाने भन्ने स्पष्ट हुनुपर्छ । कुन सडक बन्द गर्ने भन्ने तय हुनुपर्छ । कसले साइरन बजाउने भन्ने थाहा हुनुपर्छ । उद्धार टोली तयारी अवस्थामा हुनुपर्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा, समुदायले नियमित अभ्यास गरेको हुनुपर्छ । पाँच मिनेटको चेतावनी पाएपछि के गर्ने भन्ने कुरा विपत्तिको समयमा सिक्न थालियो भने ढिला भइसकेको हुन सक्छ ।

जलविद्युत् र सीमापार सहकार्य

नेपालका धेरै जलविद्युत् आयोजना साँघुरा हिमाली उपत्यकामा छन् । उनीहरूसँग अनुगमन उपकरण, नियन्त्रण कक्ष, सञ्चार प्रणाली र तालिमप्राप्त जनशक्ति हुन्छ । यी स्रोत आयोजनाभित्र मात्र सीमित राख्नुहुँदैन । उच्च जोखिममा रहेका जलविद्युत् आयोजनालाई राष्ट्रिय पूर्वसूचना सञ्जालको सक्रिय हिस्सा बनाउनुपर्छ । नदी र जोखिमसम्बन्धी वास्तविक समयको सूचना सरकार र तल्लो तटीय समुदायसँग आदानप्रदान गर्ने व्यवस्था हुनुपर्छ ।

हिमाली विपत्तिले नेपाल-चीन सीमा पनि चिन्दैन । त्यसैले दुई देशबीच स्थायी प्राविधिक विपद् सूचना संयन्त्र आवश्यक छ । हिमनदी, हिमताल, अस्थिर पहाड, नदीको जलस्तर र सम्भावित प्राकृतिक अवरोधको निगरानीमा सहकार्य गर्न सकिन्छ । ठुलो जोखिमको सूचना तल्लो क्षेत्रमा रहेका अधिकारीसम्म केही मिनेटमै पुग्न सके त्यसले जीवन जोगाउन सक्छ ।

अब विपत्तिको प्रतीक्षा होइन

नेपालले विपत्ति आएपछि उद्धार गर्ने परम्परागत सोचबाट अघि बढ्नुपर्छ । जोखिमयुक्त हिमाली क्षेत्र पहिचान गर्नुपर्छ । ती क्षेत्रमा निगरानी बढाउनुपर्छ । पूर्वसूचना प्रणाली स्थापना गर्नुपर्छ । सुरक्षित स्थान तोक्नुपर्छ । समुदायलाई अभ्यास गराउनुपर्छ । जलविद्युत् आयोजना र स्थानीय तहलाई जोड्नुपर्छ । सीमापार सूचना आदानप्रदानको संयन्त्र बनाउनुपर्छ । जलवायु परिवर्तनले हिमाली जोखिम बढाइरहेको छ । हामीले जलवायु परिवर्तन रोक्न नसके पनि त्यसबाट हुने क्षति कम गर्न सक्छौं ।

कहिलेकाहीं हामीसँग एक घण्टा नहुन सक्छ । आधा घण्टा पनि नहुन सक्छ । केवल पाँच मिनेट हुन सक्छ । त्यो पाँच मिनेट नै कसैको जीवन जोगाउने समय बन्न सक्छ । त्यसैले नेपालको विपद् व्यवस्थापनको नयाँ लक्ष्य स्पष्ट हुनुपर्छ–खतरा पहिचान भएपछि पाँच मिनेटभित्र सूचना, निर्णय र प्रतिकार्य सुरु हुने प्रणाली ।

विपत्तिलाई रोक्न नसके पनि त्यसबाट हुने क्षति घटाउन सकिन्छ । माथिल्लो क्षेत्रमा के हुन्छ भन्ने कुरा सधैं हाम्रो नियन्त्रणमा नहुन सक्छ । तर, त्यसको सूचना कति छिटो पाउने, कति छिटो निर्णय गर्ने र मानिसलाई कति छिटो सुरक्षित स्थानमा पुऱ्याउने भन्ने हाम्रो हातमा छ ।

(**डा. देवकोटा अष्ट्रेलियामा वातावरण वैज्ञानिकका रूपमा कार्यरत छन् ।**)

विपद्पछिको मानवीय जिम्मेवारी

समाज

● राजेन्द्र राना

विपद्मा सहयोगी भावना नेपाली समाजको ठुलो शक्ति हो । तर, राहतका नाममा हुने प्रचार र अपारदर्शिताले पीडितको घाउमाथि नमक छर्किन्छ । संकटको यो घडीमा दया होइन, सम्मानपूर्वक सही हातसम्म राहत पुऱ्याउनु नै राज्य र नागरिकको सच्चा परीक्षा हो ।

प्राकृतिक विपद् पूर्वसूचना दिएर आउँदैन । केही घण्टाको भारी वर्षा, अचानक आएको बाढी वा पहिरोले बर्सौंको मिहिनेतले बनाएको घर, व्यवसाय, सम्पत्ति र परिवारका सदस्यसमेत खोसिदिन सक्छ । विपद् सकिएपछि पानी घट्ला, बाटो खुल्ला र जनजीवन सामान्य बन्ला, तर सर्वस्व गुमाएका मानिसको पीडा सजिलै हराउँदैन । अहिले रसुवा र भोटेकोशी क्षेत्रमा देखिएको विपत्तिले हामीलाई यही कठोर वास्तविकता उजागर गराएको छ ।

सबैभन्दा आशालाग्दो पक्ष भनेको कठिन समयमा एक-अर्काको दुःखमा साथ दिने नेपालीको भावना हो । विपद्को खबर सुन्नासाथ देश-विदेशबाट सहयोगका हात अघि बढिरहेका छन् । कसैले आर्थिक सहयोग गरिरहेका छन् भने कसैले खाद्यान्न, लत्ताकपडा र औषधि जुटाइरहेका छन् । यो सहयोग केवल वस्तुको आदानप्रदान मात्र होइन, संकटमा परेकालाई 'तपाईं एक्लै हुनुहुन्न' भन्ने बलियो अत्मबल दिनु हो । तर, सहयोगी हात बढिरहँदा एउटा गम्भीर प्रश्न उठ्छ- हामीले उठाएको सहयोग वास्तविक पीडितसम्म सही रूपमा पुगिरहेको छ कि छैन ?

राहत संकलन गर्नु महत्त्वपूर्ण काम हो, तर संकलित सहयोग सही ठाउँमा, सही समयमा र सही व्यक्तिसम्म पुग्नु अझ महत्त्वपूर्ण हो । कति रकम उठ्यो वा कति सामग्री जम्मा भयो भन्ने तथ्यांकभन्दा त्यसको वास्तविक उपयोग कसरी भयो भन्ने कुराले अर्थ राख्छ । बाढीले घर गुमाएको परिवारलाई प्रचारभन्दा सुरक्षित बास चाहिएको हुन्छ, घाइतेलाई

उपचार र विस्थापितलाई जीवन पुनः सुरु गर्ने आधार आवश्यक पर्छ । तर, कहिलेकाहीं पहुँच भएकाले मात्र राहत पाउने र दुर्गमका वास्तविक पीडित ओझेल पर्ने अवस्था देखिन्छ । पीडितको नाममा उठाइएको सहयोग व्यक्तिगत प्रचार वा स्वार्थको माध्यम बन्नुहुँदैन । राहत वितरणमा पारदर्शिता हुनुपर्छ, जसले सहयोगीहरूको विश्वास बढाउँछ र पीडितको अधिकारको रक्षा गर्छ ।

यस अवस्थामा सरकारको भूमिका अझ जिम्मेवार हुनुपर्छ । विपद्का बेला नागरिकले सरकारलाई अभिभावकका रूपमा हेर्छन् । घोषणा गर्नु मात्र पर्याप्त छैन, राहत वास्तविक पीडितसम्म पुग्यो कि पुगेन र स्रोतको उचित प्रयोग भइरहेको छ कि छैन भनेर निरन्तर निगरानी गर्नुपर्छ । सरकारी संयन्त्रबाट परिचालन हुने सहयोगमा कुनै पनि कन्जुस्याइँ वा अनियमितता हुनुहुँदैन । यदि विपद्को यो घडीमा पनि ढिलासुस्ती र कमजोरी दोहोरियो भने जनतामा राज्यप्रति गहिरो निराशा छाउन सक्छ । नेतृत्व र सरकार फेरिए पनि जनताले उही पुरानै समस्या भोग्नुपरेमा व्यवस्थाप्रति नै वितृष्णा पैदा हुन सक्छ । त्यसैले, यो सरकारका लागि राहत बाँड्ने मात्र होइन, आफ्नो जिम्मेवारी र कार्यक्षमता प्रमाणित गर्ने गतिलो अवसर पनि हो ।

तर, राहत व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी सरकारको मात्र होइन, नागरिकको पनि उत्तिकै कर्तव्य हुन्छ । हामीले सहयोग गर्दा विश्वसनीय माध्यम रोज्नुपर्छ, सामाजिक सञ्जालका अपुष्ट अपिलमा पछि लाग्नुअघि यथार्थ बुझ्नुपर्छ । राहत पठाउँदा स्थानीय आवश्यकतालाई ध्यान दिनुपर्छ र पीडितको संवेदनशीलतालाई खेलौना वा प्रचारको विषय बनाउनुहुँदैन । विपद्का बेला पीडितलाई दया मात्र होइन, सम्मान पनि चाहिएको हुन्छ । उनीहरूको दुःखलाई क्यामरामा कैद गर्ने वा सहानुभूति देखाएको नाटक गर्ने परिपाटी अब बन्द हुनुपर्छ ।

रसुवा र भोटेकोशीका पीडितले भोगिरहेको पीडा एउटा क्षेत्रको मात्र समस्या होइन, यो हाम्रो सामूहिक संवेदनशीलताको परीक्षा हो । आज हामी सहयोग गर्ने ठाउँमा छौं, भोलि परिस्थिति फरक पनि हुन सक्छ । त्यसैले, विपद् रोक्न हामी सधैं सक्षम नहोउँला, तर विपद्पछिको मानवीय व्यवहार र व्यवस्थापन हाम्रै हातमा छ । सहयोग जुटाउनेदेखि वितरण गर्नेसम्म हरेक चरणमा पारदर्शिता, विवेक र जिम्मेवारी कायम गरौं । पीडितको दुःखलाई अवसर होइन, साझा जिम्मेवारी ठानेर उनीहरूको जीवनमा नयाँ आशाको दीप बाल्न सक्नु नै सच्चा मानवता हो ।

इतिहासको पाना

● रतन भण्डारी

काठमाडौंमा डोटीका पात्तर सन्यासिनी

जंगबहादुर राणा प्रधानमन्त्री बन्नुअघि काठमाडौंका जात्रा, विवाह र फागुमा नृत्य प्रस्तुत गर्न हिन्दुस्तानी छोकडाहरू आउने गर्थे । तर, जंगबहादुरले भारतीय कलावन्तहरूको सट्टा डोटीबाट नचंगे, गीतांगे, कस्वी र पात्तर सन्यासिनीहरूलाई काठमाडौं बोलाउन थाले । यससँगै काठमाडौंको सांस्कृतिक परिदृश्यमा डोट्याली पात्तरहरूको आगमन सुरु भयो ।

त्यतिबेला काठमाडौंमा डोटीकी 'गंगी' र 'पार्वती' पात्तरको नाच निकै चर्चित थियो । वि.सं. १९११को फागुनमा कान्छी मैयाँको विवाहमा उनीहरूले ६० रुपैयाँ र अन्य २९८ रुपैयाँ इनाम पाएका थिए । सोही समयमा पार्वती, ज्युनी, पवित्री, गाउली, हसुली, चन्द्रा, गंगी र सुजीसहित नौजना डोट्याली पात्तरलाई रकम वितरण गरिएको बहीखाताको अभिलेखमा देखिन्छ ।

यसअघि, प्रधानमन्त्री जंगबहादुर डोटीको सिलगढी पुरदा वसुन्धरा पन्नाको नेतृत्वमा पात्तरहरूले आफ्ना समस्या अवगत गराएका थिए । त्यसपछि जंगबहादुरले थिति बसाली उनीहरूका लागि रकमको व्यवस्था गरिदिए । वि.सं. १९०९को अभिलेखअनुसार चाकरी गर्न सक्ने, वृद्धा र नाबालिका गरी १४२ डोट्याली पात्तरले वार्षिक रूपमा रकम पाउँथे ।

तथापि, 'पात्तर' वा 'कस्वी' सम्मानित पेसा नभई महिला उत्पीडन र शोषणको रूप थियो । सुदूरपश्चिममा यसलाई अपमानजनक शब्द मानिन्थ्यो । डोटी गौडामा खटिने बाहिरिया कर्मचारी र फौजीहरूबाट उनीहरू शोषित हुन्थे । कर्मचारीहरूको तलबभत्ता यसमै सिद्धिने भएकाले 'गयो डोटी, खायो रोटी, फर्कंदा धोती न टोपी' भन्ने उखानै चलेको थियो ।

राणाशासनको अन्त्यसम्म सिलगढीमा यो प्रथा कायम रहे पनि २००७ सालको राजनीतिक परिवर्तनपछि ती महिलाहरू कहाँ पुगे भन्नेबारे कुनै स्पष्ट अनुसन्धान र अद्यावधिक तथ्यांक उपलब्ध छैन ।

छोरीको बिहे खर्च जुटाउन त्रिशूली पुगेका पण्डित बाढीमा बेपत्ता

६ दिनपछि कुशको शव बनाएर दाहसंस्कार

लालबाबु बानियाँ/मध्यान्ह
पर्सा, १५ भदौ

छोरीको बिहेको खर्च जुटाउने सपना बोकेर त्रिशूलीको देवीघाट पुगेका पर्साको पोखरिया नगरपालिका-७ रानीगञ्ज रहरिया गाउँका सोनालाल पण्डित रसुवा-भोटेकोशीको विनाशकारी बाढीमा बेपत्ता भएपछि परिवारले ६ दिनपछि कुशको प्रतीकात्मक शव बनाएर हिन्दु धार्मिक तथा सामाजिक परम्पराअनुसार दाहसंस्कार गरेका छन् ।

भोटेकोशी नदीमा आएको बाढीका क्रममा बेपत्ता भएका पण्डितको लामो समयसम्म खोजी गर्दा पनि कुनै अत्तोपत्तो नलागेपछि परिवारले बाध्य भएर कुशबाट उनको प्रतीकात्मक आकृति बनाई सोमबार अन्तिम संस्कार गरेको हो । हिन्दु परम्पराअनुसार पण्डितका एकमात्र छोरा आठ वर्षीय अमित कुमार पण्डितले आफ्ना बुबाको कुशको प्रतीकात्मक शवमा दागबत्ती दिएका थिए । दागबत्ती दिँदै अमित भावुक बनेर रोएका थिए ।

सोनालालका पाँच छोरी र एक छोरा छन् । उनका एक छोरीको विवाह यसअघि नै भइसकेको थियो । दोस्रो नम्बरकी छोरीको विवाह आगामी फागुनमा तय भएकाले विवाहको खर्च जुटाउन उनी करिब दुई महिनाअघि त्रिशूलीको देवीघाटमा घर निर्माणसम्बन्धी सेल्टिङ ठेक्काको काम गर्न पुगेका थिए ।

छोरा अमितका अनुसार उनका बुबा यसअघि पनि सोही क्षेत्रमा ठेक्काको काम गर्दै आएका थिए । त्यही क्रममा दुर्घटनामा परी अपांग भएपछि केही समय घरमै बस्दै आएका पण्डित छोरीको विवाह खर्च जुटाउने उद्देश्यले पुनः काममा गएका थिए ।

सोनालालसँग गाउँकै सातजना मजदुरसमेत काम गरिरहेका थिए। उनका भान्जा श्रीराम पण्डितका अनुसार बाढी आउनुभन्दा करिब १० मिनेटअघि मात्रै भोटेकोशीमा बाढी आउन लागेको सूचना उनीहरूले पाएका थिए। श्रीरामले आँखामा आँसु झार्दै भने, 'मैले आफ्नै आँखाअगाडि पाँच मिनेटमै मामालाई विनाशकारी बाढीले बगाएर लगेको देखें ।'

उनका अनुसार बाढी आउने सूचना पाएपछि सोनालाललाई तत्काल सुरक्षित स्थानमा जान आग्रह गरिएको थियो । तर, उनले आफू लामो समयदेखि त्यही ठाउँमा बस्दै आएको र यसअघि ठुलो बाढी नआएको भन्दै दुईतले घरमा चढ्ने बताएका थिए ।

'कुरा गर्दागर्दै बाढी आयो । हामी सबै माथि भाग्यौं । तर, पाँच मिनेटमै आएको विनाशकारी बाढीले मामाले चढेको दुईतले घर नै बगाएर लग्यो,' श्रीरामले भने । त्यसपछि उनीहरू ज्यान जोगाएर सुरक्षित स्थानतर्फ भागेका थिए । परिवार तथा आफन्तले विभिन्न स्थानमा खोजी गरे पनि सोनालालको अवस्था पत्ता लाग्न सकेन ।

बेपत्ता भएको ६ दिनसम्म पनि कुनै जानकारी नआएपछि परिवारले सोमबार आफन्त तथा स्थानीयवासीको उपस्थितिमा कुशको प्रतीकात्मक शव बनाएर दाहसंस्कार गरेको हो । दाहसंस्कारका क्रममा परिवारजन भावुक बनेका थिए ।

यद्यपि सोनालालको वास्तविक अवस्था अझै अज्ञात छ। परिवारले सरकारले उनको खोजी कार्यलाई निरन्तरता दिने र शव भेटिएमा पहिचान तथा परिवारलाई बुझाउने विश्वास राखेको छ। परिवार तथा स्थानीयवासीले बेपत्ता पण्डितको खोजीलाई थप प्रभावकारी बनाउन सरकार तथा सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

उदयपुरमा ११ सय किलो गाँजासहित तीनजना पक्राउ

बिन्द्र राई/मध्यान्ह
उदयपुर, १५ भदौ

उदयपुरमा प्रहरीले ठुलो परिमाणमा प्रतिबन्धित गाँजासहित तीनजनालाई पक्राउ गरेको छ । जिल्लाको कटारी नगरपालिका-६ बाँकेटारस्थित जंगलबाट प्रहरीले १ हजार १२२ किलो ६७ ग्राम गाँजा बरामद गरेको हो । इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले सोमबार बिहान करिब ४ बजे शान्ति सामुदायिक वन उपभोक्ता समूहको जंगल क्षेत्रमा लुकाएर राखिएको गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । जंगल क्षेत्रमा लागूऔषध ओसारपसार भइरहेको विशेष सूचनाका आधारमा प्रहरी टोली परिचालन गरिएको थियो। प्रहरीले बा १६ च ५२६९ नम्बरको बोलेरो जीपमा ल्याएर जंगलमा लुकाइराखिएको अवस्थामा ५२ वटा बोरामा प्याक गरिएको गाँजा फेला पारेको हो । गाँजा ओसारपसारमा संलग्न रहेको आरोपमा ताप्ली गाउँपालिका-१ डाँडागाउँका ५५ वर्षीय रामबहादुर मगर, २१ वर्षीय नेकबहादुर मगर र ४६ वर्षीय पृथ्वीराज मगर पक्राउ परेका छन् ।

प्रहरीले बरामद गाँजा, बोलेरो जीप र पक्राउ परेका तीनै जनालाई इलाका प्रहरी कार्यालय कटारीको हिरासतमा राखेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी प्रवक्ता डिएसपी गणेश बमले जानकारी दिएका छन् ।

बोलपत्र आह्वान रद्द गरिएको बारे सूचना

प्रकाशित मिति २०८३/०५/१५

यस Aishwarya Vidya Niketan (AVN) को मिति २०८३/०४/२५ गते विद्यालय भवन निर्माण सम्बन्धी ठेक्का नं. ०१/WORKS/AVN सम्बन्धी बोलपत्र सार्वजनिक २०८३/०४ खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ गतेको सूचना अनुसार उक्त ठेक्का रद्द गरिएको व्यहोरा सम्पूर्णमा जानकारी गराईन्छ ।

ऐश्वर्य विद्या निकेतन
धनगढी कैलाली

मलेसियामा रोजगार

कम्पनी: FONFOOD INDUSTRIES SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८३/०५/१५ — चलानी नं.: ६०२६०४५० — LT. No.: 347322

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Factory Worker/General Worker	7	0	स. काममा दक्ष	1700	६४३११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी: WIN SMITH PACKAGING SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८३/०५/१५ — चलानी नं.: ६०२६०४४९ — LT. No.: 347321

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	(FACTORY/GENERAL) WORKER	13	0	स. काममा दक्ष	1700	६४३११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी: ATLAS EDIBLE ICE SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०८३/०१/२३ — चलानी नं.: ६०२५५०३४ — LT. No.: 341578 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Manufacturing Worker	11	0	स. काममा दक्ष	1700	६४३११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

मिथिला मेनपावर सर्भिसेस् प्रा. लि. — श्रम इजाजत नं. ९२०/०६७/०६८
कालिमाटीडोल, एयरपोर्ट (मेनपावर बजार) काठमाडौं, फोनः ४४९११०४, फ्याक्सः ४४९४९८६, ९८५११२९३७१, ९८०१०२९३७३, ९८०२०७६३३६, ९८५४०३०५७७, ९८४४०५८४१८, Email: mithila_menpower@yahoo.com, Website: mtlgroup.com.np

युएईमा रोजगार

कम्पनी : NOOR AL WALAA CLEANING SERVICES L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०५/१५ — चलानी नं.: ६०२६०५२६ — LT. No.: 346259

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Labour	27	0	स. काममा दक्ष	1200	४५,७६४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : DARJ ALQAMAR PLASTER WORKS — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/१०/२५ — चलानी नं.: ६०२५२०७९ — LT. No.: 338348 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Concrete Masons	1	0	सम्बन्धित काममा दक्ष	1500	६२,२०५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Construction Carpenter General	1	0		1500	६२,२०५							
3.	Electricians	2	0		1500	६२,२०५							
4.	Plumber	1	0		1500	६२,२०५							
5.	Stone Worker	1	0		1500	६२,२०५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

STAR BRIDGE H.R. SOLUTION PVT.LTD. — Lic. No: 1592/079/080
Samakhushi, Town Planning-26, Kathmandu, Nepal, Tel. No.: +977-01-5919160, 9840677366 (Ajudya Prasad Yadav), E-mail: starbridgehrsolution124@gmail.com

साउदीमा रोजगार

कम्पनी: SUPPORT SERVICES COMPANY LIMITED — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८३/०५/१५ — चलानी नं.: ६०२६०४५८ — LT. No.: 347323

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Packing& Packaging Worker	20	0	स. काममा दक्ष	1000	४०५७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ देखि २८ गतेसम्म (8 to 13 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

हित ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि. — श्रम इजाजत नं. १३७/०५५/५६
११८६२, बसुन्धारा, काठमाडौं, फोन : ०१-४९७००८८, ०१-४९७००७७, मो.: ९८५१०५६४०१ (Bhuban Pun)
फ्याक्स : ४३५७४५४, Email : hitoverseasemployment@gmail.com

कतारमा रोजगार

कम्पनी : DEEPKHUSI BEAUTIFUL SALON — शहर : QATAR
पूर्व स्वीकृत मितिः २०८३/०५/१५ — चलानी नं.: ६०२६०४४८ — LT. No.:347290

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	HENNA	0	1	सम्बन्धित काममा दक्ष	1800	७५२०४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	beautician	0	2		1800	७५२०४							
3.	nail technical.	0	1		1800	७५२०४							
4.	Receptionist	0	1		1800	७५२०४							
5.	Beautician /Hairdresser	0	1		1800	७५२०४							
6.	Cleaner I	0	1		1200	५०१३६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

SKILL LINK RECRUITMENT PVT. LTD. — Govt Lic. No. 1747/081/082
Budhanilkantha-9, Sukedhara, Kathmandu, Nepal, Surya Budhathoki : 9801180811, Tel No: +977 1 5925447, 5923447
Email: info@skilllink.com.np, Website: www.skilllink.com.np

साउदीमा रोजगार

कम्पनी : Bin Quraya Company Ltd — शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८३/०५/१५ — चलानी नं.: ६०२६०५०८ — LT. No.: 347394

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Heavy Equipment Operator	14	0	स. काममा दक्ष	2500	१०१४२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

Sky Star Recruitment Pvt.Ltd. — श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345,9861482956 (Sabbir Ahmed Hussain)
PO Box no: 19122, Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

मलेसियामा रोजगार

कम्पनी: AQINA FARMING SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८३/०५/१५ — चलानी नं.: ६०२६०४३२ — L.T. No.: 347273

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Agricultural Workers	30	0	स. काममा दक्ष	1700	६४३११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

काबेली ह्युमन रिसोर्स प्रा. लि. — Govt. Lic No: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं, नेपाल, फोनः ४११३६०७, फ्याक्सः ४११३६०७
Ganesh Prasad Sedai Contact Number : 9851005162

Cyprus मा रोजगार | 1. Spotcycrists Services A. Tsangarides Ltd., Cyprus

पूर्व स्वीकृती मिति २०८३/०५/१५ — चलानी नं. ६०२६०५०३ — LT.No. 346431

क्र	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	EURO	ने.रु	हप्तामा कामगर्ने दिन	प्रतिदिन कामगर्ने घण्टा	ओभर टाईम सुविधा	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Domestic Worker	-	25	स.काममा दक्ष	400	७०,७१०।-	६ दिन	८ घण्टा	क. नि. अनुसार		छ		२ वर्ष

२. कम्पनी: Global Tree Recruitment Ltd, Paphos, Cyprus
पूर्व स्वीकृती मिति २०८३/०५/१५ — चलानी नं. ६०२६०५०२ — LT.No. 335055

क्र	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	EURO	ने.रु	हप्तामा कामगर्ने दिन	प्रतिदिन कामगर्ने घण्टा	ओभर टाईम सुविधा	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cook	25	-	स.काममा दक्ष	750	१३२,५८०।-	६ दिन	८ घण्टा	क. नि. अनुसार		छ		२ वर्ष

अन्तर्वार्ता २०८३ भदौ २३ गते (8 September, 2026) मेनपावर कार्यालय रातोपुल गौशालामा हुनेछ ।

Shalma Human Resources. Overseas Pvt. Ltd. — Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com

युएईमा रोजगार

कम्पनी : AL FARIS EQUIPMENT RENTALS LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८३/०५/१५ — चलानी नं.: ६०२६०४२९ — L.T. No.: 347264

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Crane Operator Assistant	30	0	सम्बन्धित काममा दक्ष	1200	४९७६४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Crane Operator	30	0		2600	१०७८२२							
3.	Forklift Driver	20	0		1500	६२२०५							
4.	Driver-Heavy Truck	10	0		1800	७४६४६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

साथै यस कम्पनीको लागि GCC Crane Operator, GCC Forklift Operator र GCC Rigger को आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरुले सम्पर्क नं. ९८४१७९२८८८ / ९८०११११६८६९ मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

GULF SKY INTERNATIONAL PVT. LTD. — श्रम इजाजत नं. ८९०/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५,
Raju Bista (Manager) Contact no : 9841792888, 9801116869

कतारमा रोजगार

कम्पनी: ALL S BINA FACILITY MANAGEMENT AND SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०५/२३ — चलानी नं.:६०२४४६४५ — L.T. No.:330850 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Admin Manager	1	0	स. काममा दक्ष	5700	२३८१४६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Business Executive/merchandiser	1	0		4500	१८८०१०							
3.	Cashiers	1	0		1700	७१०२६							
4.	Cleaner General	0	3		1000	४१७८०							
5.	Drycleaner	3	0		1000	४१७८०							
6.	Helper	2	0		1000	४१७८०							
7.	Labour	3	0		1000	४१७८०							
8.	Office Cleaner	1	0		1000	४१७८०							
9.	Purchasing Manager	1	0		5700	२३८१४६							
10.	Receptionist	0	1		3000	१२५३४०							
11.	Representative	1	0		3000	१२५३४०							
12.	Waiters	0	2		1700	७१०२६							
13.	Waitress	1	0		1700	७१०२६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

SUNERA NEPAL INCORPORATED PVT. LTD. — Govt. Lic No.: 367/059/060
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134,015908135, 9851063268, 9801907630
Email ID: Info@suneranepal.com.np, Website: Www.suneranepal.com

Qatar/Saudi मा रोजगार

1. PULLMAN HOTELS, Qatar
पूर्व स्वीकृती मितिः २०८३/५/१५ — चलानी नं. : ६०२६०४८३ — LT No. 347243

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१	Room Service Supervisor	3	3	काममा दक्ष	2500	१०६,६००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

2. Apparel Trading Company Branch Saudi — पूर्व स्वीकृती मितिः २०८३/५/१५ — चलानी नं. : ६०२६०५३१ — LT No. 347372

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१	Kitchen Worker	11	0	काममा दक्ष	1000	४०,३८०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता २०८३ भाद्र २३ गते (8 Sept., 2026) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि. — श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९ सम्पर्क व्यक्ति : ९८४९६२९४७
(सोरसिङ मेनेजर :: जगदिश खत्री), E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

UAE मा रोजगार — INTERCAT HOSPITALITY

पूर्व स्वीकृती मितिः २०८३/५/१५ — चलानी नं.: ६०२६०४९३ — LT No.: 347317

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Arabic/Foreign Food Cook	10	0	काममा दक्ष	1500	६२,५७०।-	क. नियम अनुसार	८ घण्टा	६ दिन	क. नियम अनुसार	छ		२ वर्ष
२.	Cleaners (Male)	10	0		1000	४१,७००।-							
३.	Restaurant Worker/Waiter	10	0		1200	५०,०००।-							
४.	Waiter(Female)	0	10		1200	५०,०००।-							
५.	Waiter(Male)	10	0		1200	५०,०००।-							

अन्तरवार्ता २०८३ भाद्र २३ गते (8 Sept., 2026) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।

Prime Security Services — पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८२/०९/०७ — चलानी नं.: ६०२४९३७६ — LT No.: 335717

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	AED	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Security Guards	30	0	काममा दक्ष	1750	७३,०००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता २०८३ भाद्र १८ गते (3 Sept., 2026) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।

MAITRI OVERSEAS PVT. LTD. — Govt. Lic. No.: 1809/082/83
Omnagar, Sinamangal - 09 , Kathmandu Phone: 01 - 5929486
9700053531, 9700338244, E-mail : documentationmaitri@gmail.com

Saudi मा रोजगार — Faisal Mutlaq Muthakkar Alotaibi For Gen Contracting Est

पूर्व स्वीकृती मितिः २०८३/५/१५ — चलानी नं.:६०२६०४३१ — LT.: 347257

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	SR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Heavy Truck Drivers	5	काममा दक्ष	1800	७३,०००।-	क. नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता २०८३ भाद्र २३ गते (8 Sept., 2026) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।

गण्डकी ओभरसिज कन्सर्न प्रा. लि. — श्रम इजाजत नं.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८०३७७४४३६
सम्पर्क अधिकारी : ९८५११०९३९१ (गगन श्रेष्ठ)

UAE मा रोजगार

कम्पनी: HABASH ELECTROMECHANICAL CONT LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२३ — चलानी नं.: ६०२३२४८८ — LT. No.: 318068 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	पुरुष	महिला	न्यूनतम योग्यता	AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Brick Mason Assistant	2	0	सम्बन्धित काममा दक्ष	1200	४५,४२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Brick Mason/plumber/cb.tech/instal	1	0		1200	४५,४२०							
3.	Electrician / Carpenter / Welder	5	0		1200	४५,४२०							
4.	Electrician Helper	6	0		1200	४५,४२०							
5.	Insulation Worker	4	0		1200	४५,४२०							
6.	Pipe Fitter/reinforc Fitter	3	0		1200	४५,४२०							
7.	Stone Mason	2	0		1200	४५,४२०							
8.	Tile Layer Workers	1	0		1200	४५,४२०							
9.	Welder, Lather And General Worker	1	0		1200	४५,४२०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २३ गते (8 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्थाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४५६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

मेनपावर लिंक प्रा. लि. — श्रम इजाजत नं. ३५०/०५९/०६०
उमंगटोल, मन्डीखटार, बुढानिलकण्ठ-८, काठमाडौं, फोन : ०१-४३७५४१८, Email: info@manpowerlink.com

जापानमा रोजगार

कम्पनिको नाम: Cooperative Neutral Plan, Okayama Prefecture, Japan
पूर्व स्विकृती मिति : 2026/08/31, लट नं.: 347282, चलानी नं.: 60260492

SN	कामदारको पद	माग संख्या	YEN	NRS	न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Erection Labourer Scaffolding	पुरुष २ जना	188,600	180,243	N5 Passed	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छैन	छ	२ बर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने	स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने	हवाई टिकट कसले दिने, कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	प्रबर्द्धन शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने, रोजगारदाताले	नि:शुल्क	नि:शुल्क	कामदार आफै	नि:शुल्क

साउदिमा रोजगार

कम्पनिको नाम: Tilal Technical Contracting Est, Nijran-Abqaid-Al Madina Dist.
पूर्व स्विकृती मिति : 2026/08/31, लट नं.: 347310 चलानी नं.: 60260494

SN	कामदारको पद	माग संख्या पुरुष	SR	NRS	न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Heavy Evuipment Driver	8	2500	1,01,607	सम्बन्धित काममा दक्ष	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	छ	२ बर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने	स्वदेशमा लाग्ने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले ब्यहोर्ने	हवाई टिकट कसले दिने, कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने	प्रबर्द्धन शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने, रोजगारदाताले	नि:शुल्क	नि:शुल्क	कामदार आफै	नि:शुल्क

लट नं.: ३४७२८२ र ३४७३१० को अन्तर्वार्ता मिति २०८३ भाद्र २३ गते यस प्रा. लि. मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुढानीलकण्ठमा सम्पर्क राख्नुहोला। LIC NO.: 17/047/048

Good Life International Employment Agency Nepal Pvt. Ltd.
Kathmandu-26, Samakhushi, Nepal, Tel. No.: 01-4979100, 4979101
Mob: 9851056076, 9816909265, 9808811102, E-mail: info@goodlifenepal.com

'माया भनेकै यस्तो होला'को रिलिज स्थगित

काठमाडौं / मस– चलचित्र 'माया भनेकै यस्तो होला'को पूर्वनिर्धारित प्रदर्शन स्थगित गरिएको छ । निर्माण कम्पनी दिया एन्ड अमु फिल्म्स प्रा.लि.ले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै भदौ २६ गतेका लागि तय गरिएको रिलिज मिति परिवर्तन गरेको जानकारी दिएको हो ।

गत बुधबार रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण सिर्जित असहज परिस्थितिले चलचित्र प्रदर्शन गर्नु उपयुक्त नहुने ठहर निर्माण पक्षले गरेको छ ।

निर्माता दिल श्रेष्ठद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'मुलुकमा विद्यमान प्रतिकूल परिस्थितिलाई मध्यनजर गर्दै, यो पीडा र दुःखको घडीमा चलचित्र प्रदर्शन गर्नु उपयुक्त नदेखिएकाले हाम्रो टोलीले प्रदर्शन स्थगित गर्ने निर्णय गरेको हो । देश दुःखी रहेको यस घडीमा मनोरञ्जनात्मक सामग्री प्रस्तुत गर्नु उचित नठानी हामीले यो निर्णय लिएका हौं ।'

भदौको प्रदर्शन मिति सरेसँगै अब यो चलचित्र नेपालीहरूको दोस्रो ठूलो चाड तिहारको अवसर पारेर कात्तिक २० गते दर्शनमा आउने भएको छ ।

निर्माण पक्षले मिति हेरफेर भएको बारे मुख्य वितरकहरूलाई औपचारिक जानकारी गराइसकेको छ । अचानक मिति सार्नुपरेका कारण दर्शक तथा सम्बन्धित सरोकारवालाहरूमा पर्न गएको असुविधाप्रति निर्माण टोलीले क्षमासमेत मागेको छ ।

अभिनेत्री तथा निर्देशक रेखा थापाको निर्देशनमा निर्माण भएको यस चलचित्रमा वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठ, पूर्व मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको मुख्य भूमिकामा छन् । लक्ष्मी गिरी, रवि डंगोल, विशाल पहाडी, संगम भण्डारी, सुजाता श्रेष्ठ र बिनोद पौडेललगायतको पनि अभिनय रहेको छ । चलचित्रको निर्मातामा हरि नारायण श्रेष्ठ, माया देवी श्रेष्ठ, नवराज श्रेष्ठ, जस्मिन श्रेष्ठ र प्रकाश श्रेष्ठ छन् । यस चलचित्रले सुमधुर प्रेम कथाका माध्यमबाट सामाजिक भावना र परिवेशलाई उठान गर्नेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

